Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २६ २०८१ साल फागुन् ६ गते मंगलबार (Feb 18, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# हलेसीमा भिषण आगलागी झण्डै ७ करोडको क्षति

■ मोहन कार्की

**खोटाङ–** विश्वप्रसिद्ध धार्मिकस्थल खोटाङको हलेसी बजारमा भएको आगलागीमा रू सात करोड भन्दा बढीको क्षति भएको छ । हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानस्थित हलेसी बजारका पदमशेर राईको भान्छा कोठाबाट गएराति सुरू भएको आगोले चारवटा घर, तीनवटा होटल, एउटा हार्डवेयर पसल, लघुवित्तको कार्यालय लगायत घरहरु जलेर नष्ट भएको थियो ।

आगलागीमा पदमशेरको काठ र जस्तापाताले बनेका तीनतले घर, पहिलो तलामा राखिएको हार्डवेयर पसल, दोस्रो तलामा सञ्चालित निर्धन उत्थान लघुवित्त संस्थाको कार्यालय लगायत सामग्री जलेर नष्ट हुँदा करिब रू चार करोड बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक प्रतिवेदनमा देखिएको निमित्त प्रमुख जिल्ला अधिकारी हीराधन राईले जानकारी दिएका छन् ।

निमित्त प्रमुख जिल्ला अधिकारी राईका अनुसार स्थानीय आइराख राईको न्यू-कल्याण होटल, चारतले पक्की घर र घरको पछाडिपट्टि दुईतले काठको घर गरी रू दुई करोड ५० लाख बराबरको क्षति भएको छ । साँझ करिब ७ बजेदेखि सुरू भएको आगलागीमा परेर स्थानीय प्रकाशचन्द्र गिरीको हलेसी दर्शन होटलको



फलामको ट्रसले बनेको एकतले भान्छा घर र दुईतले पक्की घरमा आंशिक क्षति हुँदा रू ३० लाख बराबरको क्षति भएको जनाइएको छ । आइराख राईको घरसँगै जोडिएको भरणशेर राईको पारूहाङ होटल, चारतले पक्की भवनको दोस्रो र तेस्रो तलामा आंशिक क्षति हुँदा अन्दाजी रू ५० लाख बराबरको भएको छ ।

आगलागीमा मानवीय क्षति नभए पनि ठूलो मात्रामा धनसम्पत्ति तथा भौतिक सामग्री जलेर नष्ट भएको हलेसी तुवाचुङ नगरपालिकाका प्रवक्ता एवम् वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । "आगलागी नियन्त्रण गर्न बेलैमा सबैको सहयोग उपलब्ध भयो । रातको समयमा भए पनि मानवीय क्षति हुनबाट जोगाउन सफल भयौं", उनले भने "आगलागी पीडितका लागि राहत उपलब्ध गराउन विभिन्न निकायसँग समन्वय गरिरहेका छौं । सङ्कलित राहत एकद्वार प्रणालीमार्फत वितरण गर्ने सर्वपक्षीय निर्णय गरिएको छ ।"

अ ा ग ा

» बाकी ६ पृष्ठमा

# कक्षा १२ को वार्षिक परीक्षा २०८२ वैशाख ११ गतेदेखि हुने

**काठमाडौं–** कक्षा १२ को वार्षिक परीक्षा आगामी २०८२ वैशाख ११ गतेदेखि हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले आगामी वैशाख ११ गतेदेखि परीक्षा गर्नेगरी तालिका सार्वजनिक गरेको हो ।




वैशाख ११ गतेदेखि सुरु हुने परीक्षा २४ गते सकिने बोर्डले जनाएको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म हुनेछ । साधारण र परम्परागत धारतर्फका नियमित तथा आंशिक विषयका विद्यार्थीका लागि तालिका सार्वजनिक गरिएको हो ।

परीक्षामा मोबाइल फोन, स्मार्ट घडी लगायतका अन्य इलेक्ट्रोनिक्स डिभाइस लैजान निषेध गरिएको बोर्डले जनाएको छ ।

बोर्डले आफ्नो वार्षिक कार्यतालिका अनुसार नै कक्षा १२ को परीक्षा गर्न लागिको हो । कार्यतालिकामा २०८२ को वैशाख ११ गतेदेखि कक्षा १२ को वार्षिक परीक्षा गर्ने उल्लेख गरेको थियो ।

सोही आधारमा बोर्डले परीक्षा तालिका सार्वजनिक गरेको हो । बोर्डले माघ ३० गतेसम्म परीक्षा आवेदन फाराम भर्ने समय तोकेको थियो ।

# प्रचण्डद्वारा गुल्मीमा हेलिप्याड र पिस पार्कको उद्घाटन

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हेलिप्याड तथा मालिका पिस पार्कको उद्घाटन गरेका छन् । बिहीबार मालिका गाउँपालिकाको वडा नम्बर ४ अर्खाबाङमा निर्माण भएको हेलिप्याडको उद्घाटन गरेका हुन् ।



उनले सोही वडामा निर्माण भएको पर्यटकीय स्थलका रूपमा चर्चित मालिका पिस पार्कको पनि उद्घाटन गरेका छन् । मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालसहितका जनप्रतिनिधि तथा स्थानीय नागरिकहरूको उल्लेख्य उपस्थितिमा हेलिप्याड तथा पार्कको उद्घाटन गर्दै नेपालकै नमुना हेलिप्याड निर्माण भएको बताए ।

उनले देशका विभिन्न स्थानहरूमा निर्माण भएका हेलिप्याड भन्दा गुल्मीको हेलिप्याड उत्कृष्ट रहेको बताउँदै हेलिप्याडबाट विपद् तथा आपतकालीन अवस्थामा यहाँका नागरिकहरूको उद्धार तथा राहतमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरे ।

दोस्रो पटक गुल्मी आएका प्रचण्डको उपस्थितिले यहाँका नागरिकहरूसँग प्रत्यक्ष साक्षात्कार गर्ने अवसर प्राप्त भएको यहाँका स्थानीयहरूको भनाइ छ । पालिका भित्र निर्माण गरिएका विकास निर्माणका कार्यहरूलाई जनप्रतिनिधि तथा जिल्लाका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूले प्रत्यक्ष साक्षात्कार गराएका हुन् ।

केही समय पछि प्रचण्डले मालिका गाउँपालिकाको नवनिर्मित प्रमुख प्रशासकीय भवनको उद्घाटन गर्दैछन् । त्यसपश्चात अध्यक्ष प्रचण्डले आजै धुर्कोट गाउँपालिकामा निर्माण भएको सहिद पार्कको उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।


# सामाजिक सञ्जाल विधेयकविरुद्ध सडकमा नेविसंघ

**काठमाडौं–** कांग्रेसको भ्रातृ संगठन नेविसंघले बुधबार सामाजिक सञ्जाल विधेयकविरुद्ध राजधानीमा प्रदर्शन गरेको छ ।

संघका नेता कार्यकर्ताले विधेयकविरुद्ध माइतीघरमा प्रदर्शन गरेका हुन् ।विधेयकमा रहेका प्रावधानले नागरिकको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार र गोपनीयताको अधिकारलाई गम्भीर रूपमा खतरामा पार्ने देखिएकाले यसलाई सच्याउन माग गरिएको नेविसंघका नेता विजय ढुंगानाले जानकारी दिए ।

विधेयक अभिव्यक्ति स्वतन्त्रताको हकविरुद्ध रहेको भन्दै प्रतिकात्मक विरोध गरिएको गरिएको थियो । प्रदर्शनमा कांग्रेसको एक सूचना लेखेको प्लाकार्डसहित विद्यार्थीहरूले विरोध गरेका थिए ।



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २६, २०८१ साल फागुन् ६ गते मंगलबार (Feb 18, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### ईतिहासलाई भूल्न हुदैन ।

*भोलि अर्थात फागुन ७ गते नेपालमा प्रजतन्त्र स्थापना भएको दिन २००७ सालमा प्रजातन्त्रको लगि दिल्ली, दरवार र दलको त्रिपक्षिय सहमती यसै फागुन ७ गते भएको दिनलाई मानिन्छ । यो दिन प्रजातन्त्रको लगि अहम भुमिका खेलेका सहिदहरुलाई सम्झने पनि गरिन्छ । तर नेपालमा माओवादी जनयुद्ध सचाल भएर १० वर्ष पछि शान्ति प्रक्रियामा आएको माओवादी  त्यसपछि २०७२ सालमा वनेको गणतन्त्र स्थापना पछि नेपालमा २००७ साल अर्थात प्रजातन्त्र दिवशलाई मनाउन छाडिएको छ ।*


*नेपालमा राम्रा ईतिहासलाई मेटाउने र गलत ईतिहास लेख्ने प्रवृति बढ्दो भएको वेलामा यो गणतन्त्र स्थपना पछि प्रजातन्त्र दिवशलाई पनि मेटाउन खोजिएको कतिपय इतिहासकारहरुले वेला वेलामा उठाउदै आएका छन् ।*

*संसारमा ईतिहासहरु त्यतिकै लेखिदैनन् । ईतिहास बनाउन पनि त्यति सजिलै प्राप्त पनि हुदैन । नेपालको प्रजातन्त्रको लगि भलै भारततिरवाट खेलेको भुमिका भएपनि मानिसहरुमा स्वतन्त्र जिवन जिउन पाउने अधिकार प्रजातन्त्रमा मात्र सुरक्षित हुन्छ । विश्वमा आज प्रजातन्त्र किन सफल छ भन्दा एकले अर्काको अस्तित्व स्वीकार गरेको छ । त्यसकारण पनि यो लोकतन्त्र अर्थात प्रजातन्त्र सफल व्यवस्था मानिएको हो ।*

*नेपालमा गणतन्त्र स्थापना पछि लोकतन्त्र नभएको अनुभूत हुन थालेको छ । किनकी ईतिहासनै मेटाउने तरिकाले प्रजातन्त्र दिवशलाई मनाउन छाडिएको विषयले सवैलाई त्यस्तो अनुभूत गराएको हो ।*

*ईतिहास मेटाउने काम कसैले पनि गर्नुहुदैन । प्रजातन्त्र दिवशलाई सवै मिलेर सवैको साझा ईतिहास बनाई नेपालीले प्राप्त गरेको स्वतन्त्र दिनलाई महत्व दिनु सवै नेपालीहरुको र्कतव्य हो ।*

# सामाजिक सञ्जाल नियन्त्रण कति उचित ?



**शंकरनाथ काफ्ले**

हामी लोकतान्त्रिक शासन व्यवस्थामा अघि बढिरहेका छौं । लामो समय एकदलीय निरंकुश शासन व्यवस्थाबाट थिचिएको कारण नागरिकहरु आफ्नो नैसर्गिक स्वतन्त्रताको हकबाट वञ्चित हुनुपरिरहेको थियो ।

निरंकुशता र स्वेच्छाचारी व्यवस्थाबाट मुक्त भएपछि नागरिकले आधारभूत मानवाधिकार र मौलिक हकको उपभोग गर्न पाउँछन् भन्ने विश्वासका साथ नेपालका राजनेताहरुले पटक-पटक आह्वान गरेका प्रत्येक आन्दोलनमा नेपाली जनताले साथ दिएकै हुन् । नेपाली जनताको त्यही बलिदानीपूर्ण संघर्षबाट पहिलोपल्ट २०४७ सालको संविधानमा नागरिकका अधिकारहरुका बारेमा केही व्यवस्थाहरु भए ।

२०४७ सालको त्यही संविधानप्रदत्त अधिकारहरुलाई टेकेर नेपाली जनताले त्यसपछि पनि विभिन्न स्वरुपमा संघर्ष र आन्दोलनहरु गर्दै आए । नेपालको अन्तरिम संविधान २०६३ ले २०४७ को संविधानको तुलनामा थुप्रै नागरिक अधिकारहरुको व्यवस्था गऱ्यो । अन्तरिम संविधानवाट प्रत्याभूत अधिकारको प्रयोग गरी बनेको २०७३ सालको वर्तमान नेपालको संविधानले नागरिकका लागि थुप्रै अधिकारको व्यवस्था गरेको छ ।

भलै संविधानप्रदत्त सम्पूर्ण अधिकारहरु विविध कारणहरुले गर्दा नागरिकले अझै पूर्णरुपमा प्रयोग गर्न पाइरहेका छैनन् । यद्यपि हामीले भुल्नुहुँदैन कि २०४६ सालदेखि २०६३ सालसम्म मुलुकमा जे-जति आर्थिक तथा सामाजिक विकासहरु हुन पुगे त्यसको तुलनामा २०६३ देखि आजको मितिसम्म थप विकास भएको छ ।

नागरिकमा भएको यो विकासको मुख्य स्रोत नागरिकले पाएको हकलाई नै मान्नुपर्दछ । हामी प्राप्त उपलब्धिप्रति पूर्ण सन्तुष्ट नहौंला तर परिवर्तन भएको तथ्यलाई इन्कार गर्न सक्दैनौं ।

यो परिवर्तीत सन्दर्भमा अधिकारको प्रयोग सामान्यतः दुई कोणबाट भएको देखिन्छ । आम नागरिक सञ्चार र सूचनाको अधिकार पाएर पुलकित भैरहेका छन् । आफूलाई लागेको बोल्न, आफूलाई लागेको अभिव्यक्त गर्न, आफूलाई लागेको असन्तुष्टि पोख्न पाउँदा मात्र पनि उनीहरु खुशी देखिन्छन् ।

आम नागरिकको लागि गाउँ-गाउँमा मोबाइल, इन्टरनेट पुग्नु र त्यसको प्रयोग गर्न पाउनुलाई नै लोकतन्त्रको उपहार ठान्न बाध्य छन् । विदेशमा गएका आफ्ना सन्तानहरुसँग घरकोठामा बसेर, अनुहार हेरेर गफ गर्न पाउँदा राज्यले प्रदान गरेको सबैभन्दा ठूलो अधिकार प्रयोग गरिरहेको अनुभूति गरिरहेका छन् । केही सीमित नागरिकले मात्र संविधानप्रदत्त आर्थिक एवं राजनीतिक अधिकारको सदुपयोग गर्न सकिरहेका छन् ।

उनीहरु यही अधिकारको प्रयोग गरेर आर्थिक र राजनीतिकरुपमा शक्तिशाली पनि भैरहेका छन् । तिनीहरु ४६ सालपछि पनि कुनै उद्योग व्यवसाय वा रोजगारमा नरहे पनि सामान्य आर्थिक हैसियतबाट अकूत सम्पत्तिका मालिक हुन सफल भैरहेका छन् । लोकतन्त्रमा जनताले जनताको लागि शासन गर्नेछ भनिन्छ तर ती एक खाले व्यक्तिहरु आफूलाई जनता होइन स्थायी शासक नै हौं भन्न बानी परिसकेका देखिन्छन् । तसर्थ उनीहरु संविधानले नागरिकलाई प्रदान गरेको अधिकार खोसेर कमजोर बनाउन वा उनीहरुले प्राप्त गरिरहेका सीमित खुशीलाई खुम्च्याउन चाहिरहेको झैं देखिन्छन् ।

नेपालको संविधानको धारा १७ मा नागरिकलाई स्वतन्त्रताको हक प्रदान गरिएको छ । यसको उपधारा २(क) मा नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ भने धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ । सामाजिक सञ्जालको विकासको कारण नागरिकले जानेर वा नजानेर सबैभन्दा बढी प्रयोग गरिरहेको अधिकार यिनै देखिएका छन् ।

विचार र अभिव्यक्ति व्यक्तिको ब्रह्मले ठहऱ्याउने कुरा हो । उसले घटनालाई जुनरुपमा देख्यो त्यही रुपमा बुझ्ने गर्दछ । जुनरुपमा बुझ्छ त्यही रुपमा अभिव्यक्ति गर्दछ । उसको अभिव्यक्तिले नेताको गुनगान पनि गाउन सक्ला, उसको अभिव्यक्तिले नेताको आलोचना पनि गर्न सक्ला । आलोचना सहन नसक्ने कुनै पनि व्यक्ति लोकतान्त्रिक नेता हुन सक्दैन । त्यस्तै घटना र तथ्यहरुको बारेमा सूचना बन्ने गर्दछ, जुन सञ्चारको माध्यमबाट प्रवाह हुने गर्दछ ।

सूचना सत्य र तथ्यमा आउनुपर्दछ तर त्यसमा विश्लेषण जोडिन सक्छ । विश्लेषणविनाको सूचना निरंकुशतालाई मात्र सुहाउने गर्दछ । विश्लेषण लोकतन्त्रको पर्याय हो । विश्लेषण गर्नासाथ त्यसलाई बुझ्ने सकारात्मक र नकारात्मक दुई धार हुने गर्दछ । मानिसले आफ्नो स्वभावअनुसार त्यसलाई बुझ्ने र त्यसको बारेमा अभिव्यक्ति दिने भएपछि पक्कै पनि घटनाको आलोचना भएको झैं देखिन्छ । आलोचना भएकै आधारमा संविधानप्रदत्त हक खोस्ने मनसाय राखियो भने लोकतन्त्रको औचित्य समाप्त हुन पुग्छ ।

पक्कै सामाजिक सञ्जालको प्रयोगमा जटिलताहरु आइरहेका छन् । चोर-फटाहादेखि सन्त-महन्तसम्म, निरक्षरदेखि विज्ञसम्म, अपराधीदेखि सज्जनसम्म, साना बालबालिकादेखि वृद्धवृद्धासम्म हरेक वर्ग, क्षेत्र र तप्काका मानिसले एउटै सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । जसको जति क्षमता छ त्यही मात्रामा यसको प्रयोग हुने गर्दछ ।

जसको जे मानसिकता छ उसले त्यही रुपमा यसको प्रयोग गर्ने गरेको पाइन्छ । धेरैले सामाजिक सञ्जालको सही सदुपयोग गरिरहेको देखिन्छ भने केहीले यसको दुरुपयोग पनि गरिरहेको देखिन्छ । केही व्यक्तिका कारण सामाजिक सञ्जाल दूषित पनि भैरहेको छ । यो समाज हो, यो राष्ट्र हो, अझ सामाजिक सञ्जालको माध्यमबाट त यो विश्व नै एक ठाउँमा आएको छ । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगलाई सकेसम्म जिम्मेवार बनाउनुपर्दछ भन्ने राज्यको चाहना हुनु स्वाभाविक पनि हो, उसको जिम्मेवारी पनि हो । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकता प्रायः संसारका सबै देशले महसुस गरेको पाइन्छ ।

नेपालले पनि यो चाहना राख्नु अन्यथा हुँदैन । सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक ठान्दै सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक १३ माघ २०८१ मा सञ्चारमन्त्रीको तर्फबाट राष्ट्रिय सभामा पेस गरिएको अवस्था छ ।

यो विधेयकको देखिने मनसाय सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने नै हो । कहिलेकाहीँ एउटा मनसायले गरेको कार्यको परिणाम अर्को पनि आउने गर्दछ । बालक धेरै रोयो भनेर उसको मुखलाई हातको बलले छोपी रुनलाई रोकियो भने उसको सास रोकिएर मृत्यु पनि हुन सक्छ । बिरुवा झाँगिएकोले ठाउँ अलि ओसिलो भयो भनेर डाँठ काटियो भने पूरै बिरुवा मर्न पनि सक्छ ।

त्यस्तै समाजमा अलिकति विच्छृङ्खलता देखियो भनी सूचनाको हकमा टेकेर विचार र अभिव्यक्तिको स्वतन्त्रतामा रेती लगाउने प्रयास गरियो भने सिंगो लोकतन्त्र नै गुम्ने खतरा पनि हुन्छ । प्रस्तुत विधयेक जनतालाई नैतिकवान् बनाउनभन्दा विरोधीहरुको हातमा हतकडी र मुखमा टेप लगाएर कसरी गालीगलौजको संस्कृतिबाट जोगिने भन्ने उद्देश्यबाट आएको जस्तो पनि देखिन्छ ।

प्रस्तुत विधेयकमा सत्ता पक्षबाट पनि विरोध भएको सुनिन्छ ।

विरोध गरेको जस्तो गरेर आफू विधेयकको पक्षमा नभएको, जनताको अधिकारप्रति जिम्मेवार भएको भन्ने जस्तो देखाउन खोजे पनि हाम्रो संसदीय अभ्यासमा त्यो विरोधको खासै अर्थ रहँदैन । जब नेतृत्वले उक्त विधेयकलाई पारित गरेर नै छाड्ने मानसिकता बनाउँछ उसले ह्वीप जारी गरेर भए पनि विरोध गर्नेलाई लाचार बनाउँछ । वर्तमान गठबन्धन प्रतिनिधिसभामा करिब दुई तिहाइको नजिक भए पनि राष्ट्रिय सभामा बहुमत स्थापित गर्नलाई हम्मेहम्मेको अवस्थामा छ । सरकारले जारी गरेको अध्यादेशमा आएको जटिलताले यो कुराको पुष्टि गरिसकेको छ । सरकारले कानुन निर्माणलाई सहजता प्रदान गर्न थप रणनीति निर्धारण गर्नु आवश्यक देखिएको छ ।

सरकारले राष्ट्रिय सभामा पेस गरेको सामाजिक सञ्जालको सञ्चालन र प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा गरिएको परिभाषाअनुसार सामाजिक सञ्जाल भन्नाले कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेटलगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रियाबमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबीच एक-अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली सम्झनुपर्छ भनिएको छ ।

त्यस्तै सामाजिक सञ्जालको दुरुपयोग भन्नाले यस ऐन वा प्रचलित कानुन विपरीतका विषयवस्तु सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनुपर्छ भनी व्यवस्था गरेको छ । यसै गरी विधेयकले सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नुपर्ने सर्तहरुमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने भनी स्पष्ट व्यवस्था गरिएको छ ।

त्यस्तै प्रचलित कानुन विपरीतका विषयवस्तुको पोस्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने र कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रदायिक सद्भाव बिगार्ने प्रकृतिको सामग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने भनी व्यवस्था गरेको छ ।

विधेयकले कसैको मान-प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्वीरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रचार नगर्ने, गलत मनसायले सामाजिक सञ्जालमा पोस्ट, सेयर, लाइक, रिपोस्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भनी स्पष्ट व्यवस्था गरेको छ । यस्तो कार्य गर्ने सामाजिक सञ्जाल प्रयोगकर्तालाई ५ लाख रुपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी व्यवस्था गरिएको छ ।

विधेयकले बीभत्स तस्वीर वा अडियो वा भिडियो पोस्ट वा सेयर गर्न नहुने, गरेमा तीन महिनासम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ तथा डिपफेक भिडियो अपलोड वा प्रचार गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद सजाय वा ३ लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने पनि व्यवस्था गरेको छ । विधेयकमा धेरै व्यवस्थाहरु उचितजस्तो देखिए पनि यसको प्रयोग र व्याख्यामा जटिलता आउन सक्छ ।

एउटा सानो उदाहरण, कुनै व्यक्तिले बीभत्स स्वरुपको कालभैरव वा महाँकालको मूर्तिको फोटो सामाजिक सञ्जालमा पोस्ट गर्दा सरकारले त्यसलाई बीभत्स पनि देख्न सक्छ । कुनै व्यक्तिले उक्त पोस्टलाई सेयर गऱ्यो भने सरकारले उसलाई अपराधी पनि देख्न सक्छ भने कुनै साथीले पोस्ट गरेको उक्त तस्वीरलाई कुनै व्यक्तिले मन पराएर लाइक गऱ्यो भने सरकारले त्यसलाई दण्डित पनि गर्न सक्छ ।

सरकारलाई कुनै कुरामा चित्त बुझेन वा सरकारको विरोध गर्ने कुनै व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर 'रामनाम' नै जपोस्, सरकारले चाहेमा त्यसलाई पनि कुनै न कुनै घटनासँग जोडेर कारबाही गर्न सक्छ । पञ्चायत कालमा मात्र बोलेकै कारण शान्ति सुरक्षाको नाममा यी मध्ये कैयौं नेतालाई चिसो छिँडीमा जाकेको घटना बिर्सिएको जस्तो छ । तसर्थ यो विधेयक परिपक्व छैन । यसले भोलिको दिनमा आज सरकारमा बस्नेहरुलाई पनि कारबाहीको दायरामा नल्याउला भन्न सकिन्न ।

हाम्रो राजनीतिक संस्कार प्रतिसोध, पूर्वाग्रह तथा नैतिकताहीन अभ्यासबाट विकसित भैरहेको छ । नेताले आज बोलेका कुरा भोलि आफैं काटिरहेका हुन्छन्, आज प्रतिबद्धता जाहेर गरेका कुरा भोलि आफैंले खण्डन गरिरहेका हुन्छन् । तसर्थ लोकतन्त्रको मूल्य र आदर्शमाथि प्रहार गर्ने कार्य कतैबाट नहोस् । लोकतन्त्र रहे मात्र राजनीतिक प्रतिस्पर्धाले सधैं स्थान पाउँछ, अन्यथा जुनसुकै मोडमा नयाँ तानाशाह नजन्मिएला भन्न सकिन्न ।

(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ ।)

# दूग्ध किसानको भुक्तानी प्रक्रिया अघि बढेको छ : प्रधानमन्त्री



**काठमाडौं-** प्रधानमन्त्री केपी शर्मा ओलीले कृषकलाई भुक्तानी गर्न बाँकी रहेको दूग्ध बिक्री रकम यथाशिघ्र भुक्तानी गर्न निजी डेरीहरुलाई निर्देशन दिएको बताएका छन् ।

प्रतिनिधि सभाको बैठकमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै उनले दूग्ध किसानको भुक्तानी सम्बन्धमा दुग्ध विकास संस्थानले हालसम्म २ अर्ब ४ करोड रकम भुक्तानी दिइसकेको जानकारी दिए ।

दुग्ध विकास संस्थानलाई दूध बिक्री गर्ने सबै कृषकहरूको भाद्र मसान्तसम्मको बाँकी रकम भुक्तानी भइसकेको र बाँकी रकम पनि क्रमशः भुक्तानीको प्रक्रियाका लागि अघि बढाइएको बताए ।

'दुग्ध किसानको भुक्तानी सम्बन्धमा दूग्ध विकास संस्थानले हालसम्म २ अर्ब ४ करोड रकम भुक्तानी दिइसकेको छ । दूग्ध विकास संस्थानलाई दूग्ध बिक्री गर्ने सबै कृषकहरूको भाद्र मसान्तसम्मको बाँकी रकम भुक्तानी भइसकेको छ भने बाँकी रकम पनि क्रमशः भुक्तानीको प्रक्रियाका लागि अघि बढाइएको छ,' प्रधानमन्त्री ओलीले भने ।

जनतालाई महंगीको मारबाट मुक्त गर्न नियमित रुपमा र चाडबाडको समयमा सघन रुपमा बजार अनुगमन गर्ने गरिएको र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ् लिमिटेड जस्ता सार्वजनिक संस्थानबाट चाडबाड लक्षित सुपथ मूल्य पसल देशका विभिन्न स्थानमा सञ्चालन गर्ने गरिएको बताए ।

'केही निजी डेरीहरूले कृषकहरूलाई भुक्तानी गर्न बाँकी रहेको दूध बिक्री रकम यथाशिघ्र भुक्तानी गर्न निर्देशन दिइएको छ । जनतालाई महंगीको मारबाट मुक्त गर्न नियमित रुपमा र चाडबाडको समयमा सघन रुपमा बजार अनुगमन गर्ने गरिएको छ,' प्रधानमन्त्री ओलीले भने, 'खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ् लिमिटेड जस्ता सार्वजनिक संस्थानबाट चाडबाड लक्षित सुपथ मूल्य पसल देशका विभिन्न स्थानमा सञ्चालन गर्ने गरिएको छ। कानून विपरीतका क्रियाकलाप कोही कसैले गरेमा प्रचलित कानून बमोजिम कारवाही गर्न सरकार प्रतिवद्ध छ ।'

प्रधानमन्त्री ओलीले कानुन विपरीतका क्रियाकलाप कोही कसैले गरेमा प्रचलित कानुन बमोजिम कारबाही गर्न सरकार प्रतिवद्ध रहेको बताए ।

# कांग्रेस-एमालेको ध्यान संविधान उल्ट्याउनमा केन्द्रित छ : प्रचण्ड

**काठमाडौं-** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेस एमालेको नेतृत्व संविधान च्यातेर जनताका अधिकार उल्ट्याउनमा केन्द्रित रहेको आरोप लगाएका छन् ।

माओवादी केन्द्र जिरी नगरपालिका, दोलखाको तेस्रो अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'एमाले नेतृत्व र कांग्रेसका एकथरिले संविधानको प्रस्तावना र धारा उपधारामा माओवादी नै माओवादी देख्ने गरेका छन्,' अध्यक्ष प्रचण्डले भने, ''उनीहरू संविधान संशोधन होइन, कुनै पनि बहाना गरेर यो संविधान उल्ट्याउन चाहन्छन् ।'

दुई दुई पटक संविधान मिचेर संसद विघटन गरेको घटना यसकै उपज रहेको स्मरण गराउँदै उनले अहिले पनि यही प्रवृत्ति र प्रयास नरोकिएको बताए ।

'मलाई सरकारबाट हटाउँदा संविधान संशोधनलाई मुख्य एजेण्डाको रुपमा अघि सारिएको थियो तर अहिले आएर प्रधानमन्त्रीले नै २०८७ मा मात्रै संविधान संशोधन हुने भन्न थालेका छन्' प्रचण्डले भने, 'यसबाट उनीहृ संविधान संशोधनमा इमान्दार छैनन् भन्ने देखिन्छ ।'

संविधान बनाउनैपर्ने बाध्यताका कारण आफ्ना मुद्दाहरूलाई फरक मतको रुपमा राखेर सम्झौतामा अघि बढेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब प्रत्यक्ष कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको एजेण्डा अघि बढाउने बताए ।



आफू तेस्रोपटक प्रधाननमन्त्री हुँदा सुशासन, सामाजिक न्याय र समृद्धिको ऐतिहासिक अभियान थालनी गर्न पाएकोमा गर्व महसुस भएको प्रचण्डको भनाइ छ ।

राष्ट्रिय अन्तर्राष्ट्रिय पहल बिचौलिया र दलालहरुलाई मन नपरेर आफूलाई सरकारबाट हटाइएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले सेटिङमा काम गर्ने र विना मेहनत करोडौं लुट्नेहरूले आफूअनुकूल सरकार बनाएको बताए ।

'मलाई हटाएको कांग्रेस र एमालेका नेताहरुले भन्दा पनि दलाल, भूमाफिया र बिचौलियाहरूले हो,' उनले भने उनीहरूले कांग्रेस र एमालेका प्रमुख नेताहरुलाई आफ्नो घरमा बोलाएर सरकार परिवर्तन गरेको जनताले स्पष्टसँग बुझिसकेका छन् ।

# सरकार नै कानुनको भक्षक बन्यो : माधव नेपाल




**काठमाडौं-** नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले सरकार दलाल पुँजीपति, विचौलियालाई पक्ष पोषण गर्नेगरी अघि बढिरहेको आरोप लगाएका छन् ।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले दलाल पुँजीलाई र विचौलियालाई पोस्ने काम सरकारले गर्न खोजिरहेको आरोप लगाए ।

'समितिमा विचाराधीन रहेका विधेयकहरु फिर्ता नलिएसम्म अध्यादेश जारी गर्न पाइँदैन । यो कानूनको खुलेआम उल्लंघन गरेर सरकार जसरी अघि बढेको छ । कानुनको रक्षक हुनुपर्ने सरकार आफैं कानुनको भक्षक बन्न पुगेको छ,' अध्यक्ष नेपालले भने, 'संसदको नियमित अधिवेशनमा कानुनमा सुधार गर्नुछ भने, विधेयक ल्याउनुछ भने त्यसको प्रक्रियाबाट अघि जानुपर्नेमा संसद नै छलेर, संसदको बैठक अधिवेशन बोलाउनुपर्ने बेलामा त्यसलाई छलेर जसरी अध्यादेश ल्याउने काम भएको छ ।'

अध्यक्ष नेपालले आफूहरुले विपक्षी दलहरूलाई बोलाएर गरेको खबरदाबरीबाट सरकार आत्तिएर अधिवेशन बोलाउन बाध्य भएको पनि बताए ।

## रामेछाप डायरी

# कार्य सम्पादन मूल्याङ्कनमा रामेछापको मन्थली पहिलो, रामेछाप नगरपालिका दोस्रो




रामेछापका ८ स्थानीय तहमा गरिएको कार्यसम्पादन मूल्याङ्कनमा रामेछाप जिल्लाको मन्थली नगरपालिका प्रथम भएको छ ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को कार्य सम्पादन मूल्याङ्कनको प्रारम्भिक नतिजामा रामेछापका दुई नगरपालिका र ६ गाउँपालिका मध्ये मन्थली नगरपालिका प्रथम भएको हो ।

प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रारम्भिक नतिजा अनुसार रामेछाप नगरपालिका दोस्रो, सुनापति गाउँपालिका तेस्रो, उमाकुण्ड गाउँपालिका चौथो, लिखुतामाकोशी गाउँपालिका पाँचौं, गोकुलगंगा गाउँपालिका छैटौं, दोरम्बाशैलुङ्ग गाउँपालिका सातौं र खाँडादेवी गाउँपालिका आठौं अर्थात् अन्तिम नम्बरमा रहेको छ ।

प्रारम्भिक नतिजा अनुसार मन्थली नगरपालिकाले ७०.७, रामेछाप नगरपालिकाले ६९.९, सुनापति गाउँपालिकाले ६४.७, उमाकुण्ड गाउँपालिकाले ६२, लिखुतामाकोशी गाउँपालिकाले ५८.१, गोकुलगंगा गाउँपालिकाले ५७.३, दोरम्बाशैलुङ्ग गाउँपालिकाले ५४.२ र खाँडादेवी गाउँपालिकाले ४१.१ अंक प्राप्त गरेका छन् ।

# चालु आ.व को ७ महिनामा रामेछाप नगरपालिकाको जम्मा बजेट खर्च २९.५५ प्रतिशत मात्रै




रामेछापको रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्म अर्थात साउन महिनादेखी माघ महिनासम्मको जम्मा बजेट खर्च २९.५५ प्रतिशत मात्रै रहेको छ । मंगलबार नगरपालिकामा आयोजित अर्धवार्षिक समिक्षा गोष्ठी कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले सो कुरा बताउनुभयो ।

यो अवद्यिमा चालु बजेट तर्फ २०.३५ प्रतिशत र पुँजीगत तर्फ ८.१४ प्रतिशत मात्रै बजेट खर्च भएको उहाँले बताउनुभयो । समयमै योजनाहरु सम्झौता हुन नसकेको कारण बजेट खर्चमा ढिलाई भएको उहाँले बताउनुभयो ।


नगरपालिका प्रमुख लबश्री न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा ९ वटै वडामा यो ७ महिनाको अवद्यिमा भएको कामहरुको बारेमा सम्बन्धित वडा कार्यालयका सचिवले प्रगति विवरण प्रस्तुत गरेका थिए । नगरपालिकाका विभिन्न विषयगत शाखाका प्रमुखहरुले पनि प्रगति विवरण प्रस्तुत गरे ।

उत्कृष्ट प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ३ जना कर्मचारीलाई नगद सहित सम्मान गरिएको छ । पशुपंक्षि विकास शाखा प्रमुख काजी शेर्पा,उद्योग तथा राजश्व शाखा प्रमुख हरि भगत श्रेष्ठ र वडा नं ३ का वडा सचिव सुजन थापा सम्मानित भएका हुन । प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाईले आफ्नो व्यक्तिगत खर्चबाट उहाँहरुलाई सम्मान गर्नुभयो ।

कार्यक्रममा विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधी र पत्रकारले मन्तव्य राख्दै नगरपालिकालाई विभिन्न सुभावहरु दिएका थिए । पहिलो पटक नगरले अर्धवार्षिक समिक्षा गोष्ठी कार्यक्रम गरेको भन्दै उनिहरुले यो कार्यलाई निरन्तरता दिन आग्रह गरे ।

# त्रिशूलीमा मोटरसाइकल खस्दा एक बेपत्ता




**काठमाडौं-** नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत चट्टाने भीर दुईकिलो भन्ने ठाउँमा एउटा मोटरसाइकल दुर्घटनामा परेको छ ।

बागमती प्रदेश ०६-०२ प ९२०४ नम्बरको दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी ज्ञान कुमार महतोले जानकारी दिए ।

दुर्घटनास्थलमा लमजुङको साविक चन्देश्वर गाविस-३ घर भई हाल चितवनको भरतपुर महानगरपालिका-१ बस्ने २७ वर्षीय रोहित रानाको नागरिकता र भेटिएको छ ।

बिहान ११ बजेर ५५ मिनेटको समयमा चितवन ईच्छाकामना गाउँपालिका-५ मुग्लिन-नारायणगढ सडक खण्डको कालीखोला भन्ने स्थानमा नारायणगढबाट मुग्लिनतर्फ आउँदै गरेको मोटरसाइकल दुर्घटनामा परेको हो ।

मोटरसाइकल आफैं अनियन्त्रित भइ सडक छेउमा रहेको डिभाइडरमा ठोक्किन पुगेको प्रहरीले जनाएको छ । उक्त मोटरसाइकलमा सवार एक व्यक्ति त्रिशूली नदीमा खसेको स्थानीयले बताएपछि प्रहरीले खोजी कार्य सुरु गरेको छ ।

डीएसपी महतोका अनुसार दुर्घटनास्थलमा लमजुङको साविक चन्दरेश्वर गाविस-३ घर भई हाल चितवनको भरतपुर महानगरपालिका-१ बस्ने २७ वर्षीय रोहित रानाको नागरिकता र भेटिएको छ ।

उक्त नागरिकता र परिचपयत्रका अनुसार राना भारतीय सेना इन्डियन आर्मी रहेको खुल्न आएको छ । मोटरसाइकलमा कति जना सवार थिए भन्ने खुलिसकेको छैन ।

बेपत्ताको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । मोटरसाइकलबाट उछिट्टिएर करिब १ सय ५० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

# नेशनल लाईफको एम.डि.आर.टी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न

**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले चितवन स्थित होटल सोल्टी वेस्टेण्डमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा एम.डि.आर.टी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

अभिकर्ताहरुको अन्तराष्ट्रिय फोरम एमडिआरटीले एमडिआरटी २०२५ मा छनौट हुनका लागि तोकेको बीमाशुल्क संकलन गरी नेपालभरबाट छनौट हुनु भएका १०० जना एमडिआरटी अभिकर्ताहरुलाई भव्य समारोहका बिच सम्मान गरेको छ ।

समारोहमा प्रमुख कार्यकारी अधिकृतले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राख्दै केही नयाँ अभ्यासहरु शुरु गरेको र यसबाट अभिकर्ताहरु उत्साही भएको बताउनु भयो ।

वहाँले अभिकर्ता संजालको व्यवसायिकरणलाई सँधै उच्च स्थानमा राख्दै विविध मासिक र बार्षिक प्रोत्साहन योजना पेश गर्दै आएकोमा आगामी दिनहरुमा पनि कम्पनीले यसमा यथासंभव लगानी गरिरहने जानकारी गराउनु भयो ।

जीवन बीमा व्यवसाय दिन प्रतिदिन व्यवसायिक हुँदै गईरहेको परिप्रेक्षमा कम्पनीले आफ्नो तर्फबाट सकभर प्रयास गरी विगत केही बर्षदेखी कम्पनीले उच्च बोनसदर प्रदान गर्दै आएकोले अभिकर्ताहरुलाई व्यवसायमा सहज भैरहेको बताउनु हुँदै एमडिआरटी २०२५ मा तोकिएको करिब ४७ लाख देखी ३ करोड सम्मको बीमाशुल्क संकलन गरी ९४ जनाले एमडिआरटी ३ जनाले सिओटी र २ जनाले टिओटीको गरिमामय लक्ष्य हासिल गर्न सफल सबै १०० जना अभिकर्ताहरुलाई विशेष सम्मान गर्नुभएको थियो साथै निरन्तर ५१ दिन सम्म ५१ बीमालेख जारी गर्न सफल एमडिआरटी अभिकर्ता रुपक पराजुली




र सबै भन्दा बढि एमडिआरटी अभिकर्ता उत्पादन गर्न सफल कलंकी शाखालाई पनि सम्मान गर्नु भएको थियो ।

प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा द्धिप प्रज्वलन गर्नुहुँदै शुभारम्भ गरिएको सो कार्यक्रममा सहभागि हुनु भएका प्रदेश प्रमुख, शाखा प्रमुख लगायत मार्केटिङ कर्मचारी र अभिकर्ताहरुलाई चर्चित अन्तर्राष्ट्रिय मोटिभेसनल स्पिकर विजय कुमार झाले जीवन बीमा व्यवसायमा थप हौसला प्रदान गर्दै अभिकर्ताहरुको व्यवसायिक दक्षता अभिवृद्धि गरी निरन्तर एमडिआरटीको लक्ष्य पुरा गराउने उदेश्यले विभिन्न उदाहरण प्रस्तुत गर्दै तालिम प्रदान गर्नु भएको थियो ।

विभागिय प्रमख, प्रदेश प्रमुख, शाखा प्रमुख र मार्केटिङ कर्मचारीहरुको समेत उपस्थिती रहेको सो भव्य समारोहमा विभिन्न मनोरन्जानात्मक प्रस्तुती, उपलब्धिमूलक उत्प्रेरक तालिम र उच्चस्तरको सम्मान कार्यक्रममा सम्मानित भई प्रमुख कार्यकारी अधिकृतबाट सम्मान ग्रहण गर्न पाउँदा आफहरुले गरेको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागिको सम्मानित बिजनेश लिडरहरुले बताउनु भएको थियो ।

# कृषिमन्त्रीको उपस्थितिमा किसान ऋण सम्झौता हस्ताक्षर

**काठमाडौं–** माननीय कृषिमन्त्री रामनाथ अधिकारीले उद्धाटन गर्नुभएको प्रथम राष्ट्रिय डेरी एक्स्पो २०८१ समारोहमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेड र प्रभु बैंक लिमिटेडले किसान वर्गलाई लक्षित गरी ऋण कर्जा प्रवाह गर्ने समझदारी पत्रमा हस्ताक्षर गरियो ।

उक्त समझदारी पत्रमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको तर्फबाट संस्थाका अध्यक्ष किशोर बगाले र प्रभु बैंक लिमिटेडको तर्फबाट सांग्रीला श्रेष्ठले हस्ताक्षर गर्नुभयो ।

त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै बैंक अफ द इयर २०२३ को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३११ शाखा कार्यालयहरु, २८४ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई विश्वास लिन्छौं, विश्वास दिन्छौ भन्ने मुल नाराका साथमा बैंकिङ




एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

साथै प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट पनि सम्मानित भएको छ ।

# काठमाडौंमा थपिएका अबौं लगानीका पाँचतारे होटलका कोठा रित्तै



**काठमाडौं–** पछिल्लो ६ महिनामा काठमाडौं उपत्यकामा मात्रै पाँचवटा पाँच तारे होटल संचालनमा आएका छन् । अन्तर्राष्ट्रिय चेन होटलसँग आवद्ध भएर संचालनमा आएका ती होटलमा ७८६ वटा कोठा छन् ।

विश्वप्रसिद्ध नामी चेन होटल हिल्टन, मर्क्योर, म्यासिभ, लेमन ट्री प्रिमियर र होटल होलिडे इन ६ महिनाको बीचमा संचालनमा आएका हुन् । यसबाहेक चार तारे होटल उपत्यकामा प्रत्येक महिना थपिएको थपियै छन् ।

अबौं रुपैयाँ लगानीमा होटल थपिए पनि पर्यटकको संख्या बढेको छैन । त्यही कारण पुरानादेखि नयाँ होटलका कोठा अहिले रित्तै छन् । पर्यटक अभावमा होटल लगभग खाली छन् ।

नेपाल पर्यटन बोर्डकै तथ्यांक अनुसार सन् २०२४ मा ११ लाख ४७ हजार पर्यटक भित्रिए । ती पर्यटकमध्ये अधिकांश पाँच तारे होटलमा बसेनन् । पुराना होटल व्यवसायीका अनुसार पाँच तारे होटलमा धेरै खर्च गर्ने पर्यटकको संख्या बढेको छैन ।

पर्यटक नबढेको पृष्ठभूमिमा होटल ह्वारह्वार्ती खुलेपछि अहिले पाँच तारे होटलमा 'कटथ्रोट' प्रतिस्पर्धा सुरु भएको छ । नेपाल भित्रिने पर्यटक आफ्नो होटलमा भित्र्याउन मूल्य घटाघटमा लिने प्रतिस्पर्धा सुरु भएको छ ।

व्यवसायीहरुका अनुसार अहिले अधिकांश होटलको अकुपेन्सी ३० प्रतिशतमा झरेको छ । ३० प्रतिशत अकुपेन्सीमा संचालन खर्च पनि उठ्दैन । नयाँ होटलले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्न पनि आफ्नो खल्ती प्रयोग गर्नुपर्ने अवस्था छ ।

'पाँच तारे होटलमा ४ अर्ब रुपैयाँसम्म लगानी भएको छ । नयाँ आएका होटलका अधिकांश कोठा खाली छन्,' एकजना पुराना होटल व्यवसायीले बिजमाण्डूसँग भने, 'बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण तिर्नसक्ने अवस्था छैन । त्यही भएर उनीहरुले अहिले घटाघटमा रुम बेचिरहेका छन् । त्यो भनेको पनि होटल व्यवसाय नै सफर गर्ने हो ।'

अहिले केही पाँच तारे होटलले १० देखि १५ हजारभित्रमा खानासहितको प्याकेज अफर गरिरहेका छन् । अकुपेन्सी घटेकै कारण होटलले १० हजार रुपैयाँभन्दा कम मूल्य घटाएर यस्ता अफर आएका हुन् ।

सोल्टी होटलका उपाध्यक्ष सुदर्शन चापागाइँले पर्यटक नबढ्ने तर होटल थपिने भइरहँदा समस्या भएको स्वीकार गरे । उनले पर्यटकको संख्या बढाउन सरकारले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए ।

'दूरदर्शिताको कमी भयो । माग र आपूर्तिको विश्लेषण राम्रो भएन,' उनले भने, 'राज्यले पनि हवाई यातायातलाई सस्तो बनाउनेतर्फ ध्यान दिनुपर्‍यो ।'

चापागाइँका अनुसार वार्षिक ३० लाख पर्यटकलाई सेवा दिन सक्ने गरी होटल संचालनमा आएका छन् । तर पर्यटकको संख्या १२ लाख पनि पुगेको छैन । उनका अनुसार सोल्टीकै अकुपेन्सी ५० प्रतिशतभन्दा कम छ ।

'गत वर्षको तुलनामा पर्यटकको संख्या वृद्धि भएको छैन । तर १०० भन्दा बढी कोठा क्षमता भएका आधा दर्जनभन्दा बढी ५ तारे होटल सञ्चालनमा आइसकेका छन्,' उनले भने, 'डेढ सय कोठाका दरले ७ वटा होटलले १ महिनामा मात्र ३१ हजार रुम बिक्री गर्न सक्छन् । वार्षिक ४ लाख पर्यटक त ७ वटा होटलले कभर गर्छन् । तर यहाँ भित्रिने पर्यटक संख्या १० लाखकै सेरोफेरोमा छ ।'

काठमाडौं मेरियोट होटलका सञ्चालक शशीकान्त अग्रवालले होटलको अकुपेन्सी ३० प्रतिशतभन्दा कम रहेको बताए । 'होटल उद्योगको अवस्था अहिले डामाडोल छ । यो क्षेत्र विस्तारै कहालीलाग्दो अवस्थामा पुगेको छ,' उनले भने ।

# कुमारी बैंक लिमिटेड र अप्टिक आइजबीच सम्झौता




**काठमाडौं–** कुमारी बैंक लिमिटेड र अप्टिक आइज, चाबहिल बिच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुलाई अप्टिक आइजबाट प्रदान गरिने विभिन्न सेवाहरुमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

यस सम्झौता बमोजिम अप्टिक आइजबाट प्रदान गरिंदैआएका सेवाहरुमा ग्राहकहरूलाई फ्रेम र सनग्लासहरुमा १५%, आँखा जाँचको ओपीडी टिकटमा १०%, ब्रान्डेड फ्रेममा १०%, ब्रान्डेड लेन्स, कन्ट्याक्ट लेन्स, प्रेस्क्रिप्शन लेन्स, प्रोग्रेसिभ लेन्स, कन्ट्याक्ट लेन्स सोलुसनमा ५% छुट र चश्माको सामान्य मर्मत तथा परामर्श निशुल्क गरिने सम्बन्धमा सम्झौता भएको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरुपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# विद्युत् प्राधिकरणले तेस्रोपटक पायो डबल ए प्लस रेटिङ

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले यो वर्ष पनि 'डबल ए प्लस' रेटिङ पाएको छ । प्राधिकरणले लगातार तेस्रोपटक डबल ए प्लस रेटिङ पाएको हो ।

प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरूको विश्लेषण, व्यवस्थापकीय क्षमता, संचालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा वाह्य वातावरणीय तत्वहरू लगायतको विश्लेषण गरी रेटिङ एजेन्सी इक्रा नेपालले रेटिङ प्रदान गरेको छ ।

डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाले आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै वहन गर्न सक्ने क्षमता राख्छन् । डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ऋण नतिर्ने जोखिम निकै कम मानिन्छ ।

प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले विगत ३ वर्षदेखि निरन्तर डबल ए प्लस रेटिङ प्राप्त गर्न सफल भएको र यसबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो एवम् ऋण तिर्न सक्ने क्षमतामा सक्षमता देखिएको बताएका छन् । साथै, प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व ढुक्कसँग बहन गर्न सक्ने क्षमतामा देखिएको घिसिङले बताए ।

घिसिङले सर्वसाधारणलाई प्राधिकरणको प्राथमिक सेयर निष्कासन गर्न रेटिङ महत्त्वपूर्ण मापदण्ड रहेको भन्दै संस्थाको वास्तविक सम्पत्ति मूल्यांकन गरिसकेको जानकारी दिए ।

'सरकारबाट स्वीकृति पाउनसाथ सेयर निष्कासनको प्रक्रिया अगाडि बढाउन सकिनेछ । सेयर निष्कासनबाट संकलन गरिएको रकमलाई ठूला जलविद्युत् आयोजनाको निर्माणमा लगानी गर्ने योजना बनाएका छौं,' घिसिङले भने ।

उनले विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि आवश्यक ठूलो पुँजी संस्थाले कमाएको नाफा र सेयर निष्कासनबाट प्राप्त हुने रकमबाट पूरा गर्ने योजना रहेको उल्लेख गरेका छन् ।




प्राधिकरणको चुक्ता पुँजी करिब ३ खर्ब रुपैयाँ कायम गरी त्यसको बढीमा २० प्रतिशतले हुन आउने रकममा प्रिमियम थप गरी प्राथमिक सेयर सर्वसाधारणलाई निष्कासन प्रस्ताव गरिएको छ । प्रिमियमसहित प्रति कित्ता मूल्य करिब ३ सय रुपैयाँ कायम गरी सेयर निष्कासनको प्रस्ताव गरिएको हो । प्राधिकरणको वार्षिक आम्दानी १ खर्ब १६ अर्ब र सम्पत्ति ७ खर्ब रुपैयाँभन्दा बढीको छ ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक » बाकी ६ पृष्ठमा

# महालक्ष्मी विकास बैंकद्धारा "महालक्ष्मी कल सेन्टर" को सुरुवात

**काठमाडौं–** महालक्ष्मी विकास बैंकले ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम "महालक्ष्मी कल सेन्टर" सञ्चालनमा ल्याएको छ । बैंकिङ्ग सेवाहरुको रुपान्तरणकारी परिवर्तन स्वरुप परम्परागतरुपमा उपलब्ध सेवाहरुमा थप विस्तार गर्दै यस्तो सेवाको सुरुवात गरेको हो ।

बैंकले सञ्चालनमा ल्याएको "महालक्ष्मी कल सेन्टर" बाट ग्राहक सहायता सम्बन्धी जानकारी प्रदान गर्ने, ग्प्रहकहरुको जिज्ञासा तथा गुनासोको सम्बोधन गर्ने, वित्तीय सेवाहरु सम्बन्धी जानकारी प्रदान गर्ने, डिजिटल बैंकिङ्ग सम्बन्धी आइपर्ने प्राविधिक समस्याहरुको सम्बोधन गर्ने, ग्राहकहरुबाट आउने उजुरीको अभिलेख राखी सोको निराकरणको लागि प्रक्रिया अगाडी बढाउने लगायतका कार्यहरु गर्नेछ ।

बैंकले एक निश्चित समय भित्र कल सेन्टर मार्फत आएका गुनासो जिज्ञासा उजुरीहरुको सम्बोधन गर्नेछ । यस अन्तर्गत ग्राहकहरुले फोन नम्बर ०१-५९७० ९७३ मा सिधा सम्पर्क गर्न सक्नेछन् वा इमेल ठेगाना जभउिमभकपरुबजबबिक्रष्दबलप.अफ.लउ मा इमेल गर्न सक्नेछन् ।

यसबाट ग्राहकहरुको समस्याहरुको व्यवस्थापन र समाधान गर्न सहज हुने तथा ग्राहक सेवा प्रणालीलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुग्ने




विश्वास लिइएकोछ ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै "महालक्ष्मी स्मार्ट साथी" सञ्चालनमा ल्याएको छ ।

# खेलकुद

## थ्री बाई थ्री कर्पोरेट बास्केटबल




**काठमाडौं–** भाटभटेनी सुपरमार्केट थ्री बाई थ्री कर्पोरेट बास्केटबल प्रतियोगिता फागुन १७ र १८ गते आयोजना हुने भएको छ । एरो सोलुसनअन्तर्गत रहेको गेटसेटगेम कम्पनीले आयोजना गर्न लागेको प्रतियोगिता माम्बा स्पोर्टस सेन्टर बुद्धनगरमा सञ्चालन हुनेछ ।

दोस्रो सिजनमा हुन लागेको प्रतियोगितामा १६ टोलीले सहभागिता जनाउने छन् । गत सिजनको विजेता इजी सर्भिसेस र उपविजेता भाटभटेनी सुपरमार्केटसहितका टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

लिग कम नकआउटका आधारमा हुने प्रतियोगिताबाट एउटा समूहबाट दुई टोली क्वार्टरफाइनल पुग्ने छन् ।

एरो सोलुसनका प्रवन्ध निर्देशक राजजंग थापाले दोस्रो सिजनको प्रतियोगिता अझ वृहत बनाउन लागिएको जनाए ।

## एपीएफ र सैनिक स्कुल फाइनलमा भिड्ने




काठमाडौं- नेपाल एपीएफ स्कुल कीर्तिपुर 'ए' दोस्रो अन्तरविद्यालय सशस्त्र प्रहरी महानिरीक्षक रनिङ ट्रफी फुटबल प्रतियोगिताको फाइनल पुगेको छ । आयोजक टोलीले सोमबार भएको दोस्रो सेमिफाइनलमा नेपाल पुलिस स्कुल साँगालाई ४-० ले पराजित गर्‍यो ।

घरेलु टोली एपीएफ स्कुलबाट विकास बोहोरा, तेन्जिङ शेर्पा, दिपेश गुरुङ र सागर खत्रीले १-१ गोल गरे । एपीएफ स्कुलका सागर खत्री प्लेयर अफ द म्याचमा चुनिए । उनलाई एपीएफ स्कुलका प्रधानाचार्य युवराज पराजुलीले ट्रफी प्रदान गरेका थिए ।

एपीएफ स्कुलले बिहीबार हुने फाइनलमा सैनिक आवासीय महाविद्यालय सल्लाघारीसँग खेल्ने छ । सैनिकले आइतबार भएको पहिलो सेमिफाइनलमा ब्राईट होराईजन चिल्ड्रेन्स होम मातातिर्थलाई २-१ ले पराजित गरेको थियो । सैनिकबाट रोजित खत्री र सफल थापाले तथा ब्राइट होराईजनबाट वीरेन्द्र उपाध्यायले गोल गरेका थिए ।

## डीएभीलाई अन्तर स्कुल क्रिकेटको उपाधि

**काठमाडौं–** डीएभी सुशील केडिया विश्व भारतीय स्कुलले १६ औं सीओएएस अन्तर स्कुल रनिङ टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । सोमबार भक्तपुर स्थित सैनिक आवासीय महाविद्यालयमा सम्पन्न फाइनलमा डीएभीले नेपाल पुलिस स्कुललाई ६० रनले पराजित गर्‍यो ।

टस जितेर पहिला ब्याटिङ गरेको डीएभीले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ५१ रन बनाएको थियो । फरहान अन्सारीले ३३, कमल शाहीले ३२ र विकेशकुमार जैसवालले २२ रन बनाए ।

जबाफमा पुलिस स्कुल १७. ५ ओभरमा ९१ रनमा अलआउट भयो । सुनिल ठाकुरले सर्वाधिक २० रन बनाए । डीएभीबाट प्लेयर अफ द म्याच शशांक झाले २० रन खर्चेर सर्वाधिक ४ तथा प्रसिद्ध जैसीले २ र तनिशकुमार शाहले १ विकेट लिए ।




डीएभीले सेमीफाइनलमा अक्षरा स्कुललाई तथा पुलिस स्कुलले केएमसीलाई पराजित गरेको थियो । उपाधि सहित डीएभीले एक लाख र उपविजेता पुलिस स्कुलले ५० हजार रुपैयाँ हात पार्‍यो । प्रतियोगिताकै उत्कृस्ट खेलाडी डीएभीका प्रसिद्ध जैसी घोषित भए । सैनिक आवासीय महाविद्यालयले आयोजनामा दश दिनसम्म चलेको प्रतियोगितामा उपत्यकाका कुल १२ वटा टिम सहभागी थिए ।

# आठबिस नगरपालिका क्षेत्रका स्थानीयवासीका लागि ऐतिहासिक र समृद्ध भविष्यको शुरुवात

■ बिनोद नेपाली

**काठमाडौं–** दैलेख जिल्लाको आठबिस नगरपालिका क्षेत्रका स्थानीयवासीका लागि एक ऐतिहासिक र समृद्ध भविष्यको सुरुवात भएको छ ।

नेपाल सरकारको मन्त्रीपरिषद् बैठकले आठबिस नगरपालिकाको आधारभूत अस्पताललाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्याटलाईट अस्पतालको रूपमा सञ्चालन गर्ने विषयमा निर्णय गरेको छ ।

यस महत्त्वपूर्ण निर्णयको परिणामस्वरूप, आठबिस नगरपालिकामा ३०० सैयाको अस्पताल स्थापना हुने भएको छ, जसले दैलेख, अछाम, र कर्णालीका जनतालाई स्वास्थ्य सेवामा गुणस्तरीय सुधार ल्याउने विश्वास व्यक्त गरिएको छ ।

यो अस्पताल नगरपालिका ४ मा पर्ने जाक्सी क्षेत्रस्थित हुनेछ र यसले स्थानीयवासीलाई दीर्घकालीन स्वास्थ्य सेवाको सुविधा पुर्याउने छ । ३०० सैयाको अस्पताल स्थापना भनेको एकदमै ठूलो प्रगति हो, जसले क्षेत्रमा रहेका स्वास्थ्य सेवाको पहुँचलाई व्यापक बनाउने छ ।

यस नयाँ अस्पतालको निर्माणसँगै, आठबिस नगरपालिका यस क्षेत्रको पहिलो अस्पतालको मान्यता पाउनेछ, जसले आसपासका जिल्लासम्मको जनसंख्या र स्वास्थ्य सेवा पुर्याउने ढोका खोल्ने कार्य गर्नेछ ।



# र्‍यान्डम रिडर्ससमा वैदेशिक रोजगारीको प्रभावबारे बहस



**काठमाडौं–** र्‍यान्डम रिडर्स सोसाइटीले शनिवार पोखरामा वैदेशिक रोजगारीले नेपाली समाजमा पारेका प्रभावका बारेमा बहस गरेको छ ।

सोसाइटीले नेपाल प्रज्ञा-प्रतिष्ठानको सामाजिक शास्त्र विभागसँग सहकार्य गरी सो कार्यक्रम सम्पन्न गरेको हो ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा सोसाइटीकै कोषाध्यक्ष ध्रुव केसीले 'वैदेशिक रोजगारी आर्थिक समृद्धि र सामाजिक सङ्कटका अन्तर्कथा' शीर्षकमा अवधारणापत्र प्रस्तुत गरेका थिए ।

वैदेशिक रोजगारीको क्षणिक प्रलोभनका कारण नेपालका गाउँ मात्र होइन सहरसमेत रित्तिँदै गएको बताउँदै केसीले यसतर्फ राज्यले बेलैमा ध्यान दिनुपर्नेमा जोड दिए । 'बाध्यतामा विदेश जानेको कथा बेग्लै होला' केसीले भने, 'यहाँ त अधिकांश धनाढ्यका सन्तान विदेशमा छन् ।'

उनले रेमिट्यान्समा रमाउने राज्यसत्ता रहेसम्म आर्थिक समृद्धि सम्भव नहुने धारणा राखे । वैदेशिक रोजगारीका कारण आर्थिक रूपमा केही आर्जन भएको देखिए पनि सामाजिक विखण्डनको डरलाग्दो तथ्याङ्क रहेको जनाउँदै उनले यसतर्फ सबै सचेत हुनुपर्नेतर्फ ध्यानाकर्षण गराए ।

कार्यक्रमकी प्रमुख अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठान, सामाजिक शास्त्र विभागकी प्रमुख डा. कौशिला रिसालले प्रज्ञा-प्रतिष्ठान वा र्‍यान्डम रिडर्स सोसाइटी जस्ता संस्थाले यस्ता विषयमा बौद्धिक बहस गर्दै जाँदा नीतिगत तहमा कुरा पुग्ने बताइन् ।

उनले समाजलाई अग्रगति दिनका लागि सामाजिक विषयमा स्वस्थ बहस गर्नुपर्ने धारणा राखिन् । वैदेशिक रोजगारीतर्फ नभई नेपालमै भएका सम्भावनातर्फ युवाहरूलाई आकर्षण गर्नुपर्ने बताउँदै उनले काम सानो ठुलो नहुने भएकाले सबै कामलाई सम्मान गर्ने वातावरण तयार भएमा विदेश लखेटिने वातावरण ह्रास आउने बताइन् ।

कार्यक्रममा दीपक अधिकारी, प्रकाश रिजाल, धर्मेश जयसवाल, सुदिप घिमिरे, राजेन्द्र पौडेल, दुर्गाबहादुर शाह 'बाबा', अनुराग अधिकारी, भरतमणि भट्टराई, नवराज आचार्यलगायतले वैदेशिक रोजगारीका अनुभव र सोसम्बन्धी धारणा राखेका थिए ।

सचिव नेपालप्रकाश अधिकारीको सञ्चालनमा भएको कार्यक्रममा उपाध्यक्ष गौरी तमूले स्वागत गरेकी थिइन् ।

सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमा परिचर्चा गर्दै आएको छ ।

# अखिल नेता जोशीलाई पक्राउ पुर्जीबाट जोगाउन सच्याइएको थियो प्रहरीको कागजात



**काठमाडौं–** प्रहरीलाई कुटेको घटनामा संलग्न अखिल नेता कमलराज जोशीलाई जोगाउन तयार भइसकेको कागजात समेत सच्याएको खुलेको छ । २४ माघको राति ठमेलमा ड्युटी खटिएका दुई जना प्रहरीमाथि आक्रमण भएपछि प्रहरी वृत्त दरबारमार्गले २५ माघमा पक्राउ पुर्जीका लागि अनुमति माग्ने तयारी गरेको थियो ।

जसअनुसार प्रहरी वृत्त दरबारमार्गले सुरुवाती क्रममा अभद्र व्यवहारको कसुरमा भन्दै पाँच जनाको नाममा पक्राउका लागि अनुमति माग्ने तयारी गरेको छ ।

जसको पहिलो सूचीमै एमालेको विद्यार्थी संगठन अनेरास्ववियुका स्थायी कमिटी सदस्य कमलराज जोशीको नाम थियो । जोशीसहितका व्यक्ति पक्राउ नपर्दा फरार हुने, फेरि यस्तै प्रकृतिका घटना गराउन सक्ने भन्दै पक्राउ अनुमति मागका लागि कागजात तयार पारिएको थियो ।

दरबारमार्गका अनुसन्धान अधिकृत तथा इन्सपेक्टर देवानन्द मिश्रले उक्त कागजात २५ माघमै तयार पारेका थिए । तर 'माथिल्लो तह'बाट दबाब आएपछि प्रहरीले तयार पारेको उक्त कागजात सच्याउँदै जोशीको नाम हटाएर बाँकीको हकमा पक्राउ अनुमति माग गरेको थियो ।

एक अनुसन्धान अधिकृत भन्छन्, 'प्रहरी कुटिनुको मुख्य कारण नै नेता जोशीको भूमिका थियो । तर दबाब आएपछि तयार भएको कागज समेत सच्याएर बाँकीलाई मात्रै पक्राउ पुर्जी जारी भएको थियो ।'

नेता जोशीलाई उन्मुक्ति दिएको आरोप लागेपछि सुरुवाती क्रममा जिल्ला प्रहरी परिसर काठमाडौंले भने जोशीले छुट्याउन खोजेको देखिएको दाबी गर्दै पक्राउ पुर्जी माग नगरिएको दाबी गरेको थियो ।

त्यतिबेला परिसरका प्रमुख तथा एसएसपी विश्व अधिकारीले भने प्रारम्भिक अनुसन्धानको क्रममा रहेको र अनुसन्धान गर्दै जाँदा जोडिएमा जोकोही भए पनि कानुनी दायरामा ल्याउने दाबी अनलाइनखबरसँग गरेका थिए ।

नेता जोशीलाई उन्मुक्ति दिएर फेरि अर्को कागज तयार पारेर

» बाकी ६ पृष्ठमा

# जनकपुरको निजी अस्पतालमा अनुगमन जारी, ४ अस्पताल बन्द

**जनकपुरधाम–** मधेश सरकारले जनकपुरधामको निजी अस्पताल अनुगमन जारी राखेको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंह र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहसहितका टोलीले आइतबार साँझ नौवटा अस्पतालमा अनुगमन गरेका हुन् । त्यस क्रममा दर्ता नगरी सञ्चालनमा रहेको चारवटा अस्पताल बन्द गरिएको छ ।

जनकपुरको ब्रह्मपुरीस्थित कृष्णा मेडिकल एन्डटेक्निकल रिसर्च सेन्टर, गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालि र नवजीवन हस्पिटल, साकेतनगर स्थित वैदेही हस्पिटल प्रालि, जनक मेमोरियल हस्पिटल र जनकपुर मोडल हस्पिटल, रामानन्दचोक नजिकका जनकपुर गोदावरी हस्पिटल, कृष्ण हस्पिटल प्रालि र एडभान्स सिटी स्क्यानको अनुगमन गरेका छन् ।

जनक मेमोरियल हस्पिटल,जनकपुर मोडल हस्पिटल जनकपुर गोदावरी हस्पिटल र कृष्णा हस्पिटल प्रालि बन्द गरिएको छ । ब्रह्मपुरीस्थित कृष्णा मेडिकल एन्डटेक्निकल रिसर्च सेन्टरलाई फोहोरमैला छुट्टै व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।



दर्ता नरहेको ब्रह्मपुरीस्थित गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालिलाई कागजपत्र लिएर सोमबार ११ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ ।

यस्तै ब्रह्मपुरीस्थित नवजीवन हस्पिटलले गत चार वर्षदेखि र साकेतनगर स्थित वैदेही हस्पिटल प्रालिले दुई वर्षदेखि नवीकरण नवीकरण नगराएकाले सोमबार ११ बजे कागजपत्रसहित सञ्चालकलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ ।

एडभान्स सिटी स्क्यानले दुई वर्ष छ महिनादेखि नवीकरण गराएको छैन । आजबाट बन्द गरिएको जनकपुर मोडल हस्पिटलका सञ्चालकलाई अस्पतालमा जडान गरिएका सिसिटिभीका शनिबार र आइतबारका फुटेज लिएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोष ठाकुरले जानकारी दिए ।

बन्द अवस्थामा पनि अस्पतालमा बिरामीको उपचार भइरहेको आशङ्कामा अस्पताल सञ्चालकलाई सिसिटिभी फुटेजसहित बोलाइएको ठाकुरले बताए ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २६, २०८१ साल फागुन् ६ गते मंगलबार (Feb 18, 2025)

# परराष्ट्रमन्त्री डा.राणा र भारतीय विदेशमन्त्री एस जयशंकरबीच भेटवार्ता



**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र भारतीय विदेशमन्त्री डा. एस जयशंकरबीच आइतबार ओमनको राजधानी मस्कटमा द्विपक्षीय भेटवार्ता भएको छ । आठौँ हिन्द महासागरीय सम्मेलनमा सहभागिताका लागि ओमनको मस्कटमा रहका उनीहरुबीच आइतबार साँझ भेट भएको हो ।

भेटमामा उहाँहरुबीच नेपाल भारत द्विपक्षीय सम्बन्ध, आपसी हित, साझा चासो र पारस्पारिक लाभका विविध विषयमा कुराकानी भएको थियो । त्यस भेटकाक्रममा पछिल्लो समय दुई देशबीचका द्विपक्षीय भेटवार्ता, भ्रमण आदानप्रदान तथा आपसी सहकार्यका विषयमा कुराकानी भएको थियो ।

हालै काठमाडौंमा सम्पन्न वाणिज्य सचिवस्तरीय तथा भारतको नयाँ दिल्लीमा भएको उर्जासम्बन्धी बैठक र तिनको प्रगतिका विषयमा पनि उनीहरुबीच कुराकानी भएको थियो ।

भेटमा मन्त्री डा देउवाले भारतसँग भएको उर्जा व्यापारसम्बन्धी सम्झौताले नेपालबाट भारत तथा भारत भएर बंगलादेश विद्युत निर्यात प्रवर्द्धनमा सहयोग पुर्याएको भन्दै भारत सरकारलाई धन्यवाद ज्ञापन गरेकी थिइन् । पछिल्लो समयमा दुई देशका बीचको ट्रेड ट्रान्जिट तथा जलस्रोत विकासका क्षेत्रमा भएको प्रगतिका बारेमा उनीहरुबीच कुराकानी भएको थियो ।

नेपाल भारत बंगलादेशबीचको त्रिपक्षीय विद्युत व्यापार सम्झौता नेपालको उर्जा क्षेत्रका लागि एउटा ठूलो उपलब्धि रहेको भन्दै त्यसका लागि भारतले प्रदान गरेको सहजीकरण उल्लेखनीय रहेको मन्त्री डा देउवाको भनाइ थियो ।

भेटमा क्रस बोर्डर विद्युत व्यापार निर्माणको मोडालिटीका विषयमा भएको प्रगतिका बारेमा पनि कुराकानी भएको थियो । साथै नेपाल भारत बीचको व्यापार सन्धीको पुनरावलोकन,जनवरीमा काठमाडौँमा भएको नेपाल भारत इन्टर गभर्मेन्टल कमिटी बैठकमा धेरै क्षेत्रमा भएका उत्पादनमूलक छलफल र निर्णयका साथै धम्रा र मुन्द्रा थप बन्दरगाहको सञ्चालनका विषयमा पनि कुराकानी भएको थियो ।

भेटमा भारतीय तर्फबाट अतिरिक्त बन्दरगाहहरु सञ्चालनका लागि भएको प्रगति र यसले सीमा पूर्वाधारको विकास र व्यापार प्रवर्द्धन तथा दुई देशबीचको कनेक्टिभिटीमा सुधार ल्याउने भन्दै मन्त्री डा. देउवाले प्रसंशा गरेकी थिइन् ।

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनासँग सम्बन्धित प्रमुख प्राविधिक समस्याहरु समाधान भइसकेको तथा हालै भएको दुवै देशको मन्त्रीस्तरीय बैठकबाट यसलाई सकारात्मक रुपमा अघि बढाउने समभ्दारी भएको विषयमा उनीहरुबीच छलफल भएको थियो ।

पृष्ठ १ बाट जारी

## हलेसीमा...

नियन्त्रणमा रणभीम गण मुढे ब्यारेक, सशस्त्र प्रहरी बल ७ नं वाहिनी हलेसी गुल्म, नेपाल प्रहरी, जिल्ला प्रशासन, स्थानीय तह, स्थानीय लगायत गरी करिब ५०० जना खटिएका थिए । स्थानीय पदमशेर राईको ग्यास पसल नजिकै रहेको भान्छा कोठाबाट आइतबार साँझ करिब ७ बजेतिर सुरू भएको आगो साढे चार घण्टापछि साढे ११ बजेतिर नियन्त्रणमा आएको थियो ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसीमा भएको आगलागी नियन्त्रणमा लिनका लागि पानी अभाव भएकाले समस्या भएको इलाका प्रहरी कार्यालय हलेसीका प्रमुख प्रहरी निरीक्षक हेमन्त राईले जानकारी दिए । हिन्दू, बौद्ध किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी बजारमा भएको आगलागीका घटनालाई दमकल अभावका कारण समयमै नियन्त्रण गर्न नसक्दा ठूलो क्षति भएको हो ।

हलेसी बजारमा भएको आगलागी सबैको सहयोगले तत्कालै नियन्त्रणमा लिन सफल भएको हलेसी तुवाचुङ नगरपालिकाका नगरप्रमुख विमला राईले जानकारी दिए । "नगरपालिकामा दमकल छैन । दमकल नहुँदा आगलागी नियन्त्रणमा निकै समस्या भयो । तर, उपलब्ध स्रोत र साधन प्रयोग गरेर करिब साढे ४ घण्टापछि आगो नियन्त्रणमा लिन सफल भयौँ", उनले भने, "आगलागीमा ठूलो क्षति भएको छ । क्षति भए जति त आगलागी पीडितलाई राहत उपलब्ध गराउन सक्दैनौं । यद्यपि, गृहमन्त्री, सम्बन्धित मन्त्रालयलगायतसँग समन्वय भइरहेको छ । आगलागी पीडितका लागि चाँडै मलमपट्टि लगाउने प्रयास गरिरहेका छौँ ।"

सुख्खा मौषममा आगलागी निक्कै हुने गर्दछन् । यस्तो समयमा नै ध्यान दिएर मानिसहरु आफै सचेत हुने गर्नु पर्दछ । आगलागी मानिसहरुकै असावधानीका कारण हुने गर्दछ ।

पृष्ठ ४ बाट जारी

## विद्युत् प्राधिकरण...

रुपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा ब्याज/सावाँ पुँजीकरण) र अन्य आवश्यक रकम/संचालनमार्फत प्राधिकरणमा लगानी गर्दै आएको छ । प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था हो ।

प्राधिकरणले स्वदेशी तथा विदेशी लगीकर्ताहरूले निर्माण गर्ने जलविद्युत् आयोजनाहरूसँग झण्डै ११ हजार मेगावाटको दीर्घकालीन विद्युत् खरिद सम्झौता (पीपीए) गरेको छ । रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको देखाएको छ ।

आर्थिक वर्ष २०७२/७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेकोमा २०७३/७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद नाफा कमाउँदै प्राधिकरणले नाफाको इतिहास सुरु गरेको थियो । प्राधिकरणले गत आव २०८०/८१ मा १४ अर्ब ४६ करोड रुपैयाँ नाफा कमाएको थियो ।

आव २०७२/७३ मा ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण अहिले ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको छ । प्राधिकरणले गत आवमा प्रणालीको विद्युत् चुहावट १२.७३ प्रतिशतमा झारेको थियो । आव २०७२/७३ मा प्रणालीबाट २५.७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो ।

पृष्ठ ५ बाट जारी

## अखिल नेता...

पक्राउ अनुमति माग गरिएको थियो । त्यतिबेला ताप्लेजुङको फुङलिङ नगरपालिका-१ घर भएका २६ वर्षीय दिनेश सिग्देल र डडेल्धुराको

गन्यापधुरा गाउँपालिका-५ का २२ वर्षीय रमेश फुलारा, नवीन ऐरी, सौजन्य शाही, गोपालबहादुर शाहीविरुद्ध पक्राउ पुर्जी माग गरिएको थियो । उनीहरूमध्ये सिग्देल र फुलारा पक्राउ परेका थिए ।

उनीहरु पक्राउ पर्दासम्म जोशीविरुद्ध भने पक्राउ पुर्जी समेत प्रहरीले माग गरेको थिएन ।

गत मंगलबार परिसरमै भएको पत्रकार सम्मलेनमा भने एसएसपी अधिकारीले अपराध गरेको देखिएमा कसैलाई पनि नछोड्ने दाबी गरेका थिए । 'अपराध गरेको पाइएमा पार्टी नहेरी कारबाही हुन्छ । एक सय, दुई सय प्रतिशत होइन, हजार प्रतिशत कारबाही गर्छौं,' एसएसपी अधिकारीले भनेका थिए ।

जोशीलाई उन्मुक्ति दिएको भन्दै संसदसम्म कुरा उठेपछि गत बिहीबार प्रहरीले नयाँ बानेश्वरबाट पक्राउ गरेको थियो । जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट ७ दिनको म्याद लिएर जोशीविरुद्ध पनि अहिले प्रहरीले अनुसन्धान अघि बढाएको छ । पक्राउ पुर्जी जारी भएका शाहीद्वय र ऐरी भने अझै फरा छन् ।

जोशीको समूहबाट २४ माघको राति प्रहरी हवल्दार जगुलाल चौधरी र जवान नगेन्द्रराज विष्ट कुटिएका थिए । दरबारमार्गस्थित केशरमहल बिटबाट ड्युटीमा खटिएको क्विक रेस्पोन्स टिम (क्यूआरटी) को टोलीमाथि यो समूहले आक्रमण गरेको थियो । मध्यराति हो-हल्ला गर्दै हिँडेपछि प्रहरीले उनीहरूलाई सम्झाउन खोजेको थियो । तर मोटरसाइकलमा सवार दुई प्रहरीको मोटरसाइकल लडाउँदै लौरो समेत फालिएको थियो ।

आक्रमणबाट प्रहरीको बर्दी च्यातिनुका साथै हेल्मेट समेत फुकालेर प्रहरीलाई हिर्काइएको थियो । जोशीले समेत प्रहरीलाई औंलो ठड्याउँदै चेतावनी दिएको सीसीटीभी फुटेजमा देखिन्छ ।

यता सीसीटीभी फुटेज सार्वजनिक गरेको भन्दै परिसरले उल्टै पीडित प्रहरीहरूमाथि छानबिन अघि बढाएको छ ।

अन्तराष्ट्रिय

# दक्षिण कोरियाले लगायो डिपसिकमा प्रतिबन्ध




**सोल–** दक्षिण कोरियाले चिनियाँ एआई च्याटबट 'डिपसिक'को डाउनलोडमा प्रतिबन्ध लगाएको छ । दक्षिण कोरियाको व्यक्तिगत जानकारी सुरक्षा आयोगका अनुसार डिपसिकले डेटा संरक्षणको कानुन सुधार गर्न आवश्यक छ । आयोगले सुधारको आग्रह गर्दै, सुधार नभएसम्म कोरियाली प्रयोगकर्ताका लागि उपलब्ध नहुने बताएको हो ।

गत साता डिपसिक विश्वभर चर्चित भएपछि दक्षिण कोरियामा पनि यसका प्रयोगकर्ता तीव्र रुपमा बढेका थिए । एप स्टोरको शीर्ष स्थानमा पुगेको यो एप सातामा १० लाखभन्दा बढीले डाउनलोड गरेका थिए । तर यो एपले व्यक्तिगत गोपनियता र राष्ट्रिय सुरक्षासँग सम्बन्धित चिन्ताहरु ल्याएको कारण विभिन्न देशहरुले यसमा प्रतिबन्ध लगाएका छन् ।

दक्षिण कोरियाका केही सरकारी निकायहरूले आफ्ना कर्मचारीलाई काम गर्ने उपकरणहरूमा डिपसिक डाउनलोड गर्न नदिने निर्णय गरेपछि शनिबार साँझदेखि यो एप एप्पल स्टोर र गुगल प्ले स्टोरमा उपलब्ध छैन ।

दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपति चोई सांग-मोकले डिपसिकलाई 'सक' अर्थात झड्का भन्दै यसले एआई मात्रै नभई अन्य उद्योगहरूमा पनि प्रभाव पार्न सक्ने बताएका छन् । यद्यपि, पहिल्यै डाउनलोड गरिएको डिभाइसमा भने एप प्रयोग गर्न मिल्छ र यसको वेबसाइट पनि प्रयोग गर्न सकिन्छ ।

दक्षिण कोरिया मात्र होइन, ताइवान र अस्ट्रेलियाले पनि यसलाई सरकारी उपकरणहरूमा प्रतिबन्ध लगाएका छन् । इटालीको नियामक निकायले पनि डिपसिकलाई यसको गोपनीयता नीति सुधार गर्न आग्रह गरेको छ । सुधार नहुन्जेल एप स्टोरमा डिपसिक उपलब्ध नहुने नियामक निकायले जनाएको छ ।

त्यसैगरी, अमेरिकामा सांसदहरूले सरकारी उपकरणहरूमा डिपसिक प्रतिबन्ध लगाउने प्रस्ताव राखेका छन् । टेक्सास, भर्जिनिया र न्यूयोर्क राज्यमा सरकारी कर्मचारीहरूलाई एप प्रयोग गर्न नदिने नियम लागू भइसकेको छ ।

# माली सुनखानीमा दुर्घटना, ४८ जनाको मृत्यु



**बामाको–** पश्चिमी मालीमा गैरकानूनी रूपमा सञ्चालित सुनखानी भत्किँदा कम्तीमा ४८ जनाको मृत्यु भएको अधिकारीहरू र स्थानीय स्रोतहरूले बताएका छन् । माली अफ्रिकाको प्रमुख सुन उत्पादक देशमध्येको एक हो । मालीका सुन उत्खनन स्थलहरूमा बारम्बार दुर्घटनाहरू हुने गरेका छन् ।

विश्वका सबैभन्दा गरीब देशहरू मध्येको एक यस देशमा बहुमूल्य धातुको अनियमित खनन नियन्त्रण गर्न अधिकारीहरूले संघर्ष गरिरहेका छन् । 'पहिरोका कारण मृत्यु हुनेको संख्या ४८ पुगेको छ,' एक प्रहरी अधिकारीले भनेका छन्, 'केही पीडितहरू पानीमा खसेका छन् । तीमध्ये एक महिला पनि थिइन् जसको पिठ्युँमा बच्चा समेत थियो ।'

स्थानीय अधिकारीले खानी भत्किएको पुष्टि गर्दै पीडितहरूको खोजी जारी रहेको बताएका छन् । स्रोतहरूका अनुसार शनिबारको दुर्घटना एक चिनियाँ कम्पनीले पहिले सञ्चालन गरेको खानीमा भएको हो ।

जनवरीमा दक्षिणी मालीको एक सुन खानीमा पहिरो जाँदा कम्तीमा १० जनाको मृत्यु भएको थियो । केयौं बेपत्ता भएका थिए । तीमध्ये धेरैजसो महिला थिए । गतवर्ष शनिबारको पहिरो गएकै क्षेत्रमा रहेको एक सुनखानीको सुरुङ भत्किँदा ७० जना भन्दा बढीको ज्यान गएको थियो ।

महिला अधिकारको सम्मान गरौं

◆महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
◆महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
◆महिला सशक्तिकरणमा ध्यान दिऔं,
◆लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
◆सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
◆संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं।
◆नेपाल सरकार विज्ञापन बोर्ड

नेपाल सरकार
विज्ञापन बोर्ड

# गायक तथा अभिनेता प्रकाश सपुतको फिल्म 'वसन्त' चैतमा प्रदर्शन हुँने



**काठमाडौं–** गायक तथा अभिनेता प्रकाश सपुतको फिल्म "वसन्त" चैतमा प्रदर्शनमा आउने तयारीमा छ ।

उनले पहिलोपटक निर्देशन गरेको यो फिल्मको पहिलो गीत गत महिना सार्वजनिक गरियो । प्रकाश स्वयं र शान्तिश्री परियारको स्वर रहेको ""साँझ पर्‍यो झमक्क" बोलको सो गीतले राम्रो चर्चा पायो । यसपछि फिल्मको टिजर समेत सार्वजनिक भइसकेको छ ।

यो फिल्ममा अन्य केही गीतहरू समेत समावेश हुनेछन् । सुगम पोखरेल, देबेन्द्र बब्लु, समीक्षा अधिकारी, देवी घर्ती लगायतले यो फिल्मका लागि स्वर दिएका छन् ।

स्रोतका अनुसार यो फिल्मको कुनै एक गीतका लागि गायिका विष्णु माझी पहिलो रोजाइमा थिइन् । उनलाई गाउन दिने योजनासहित निर्माण टिमले प्रस्ताव लगेको थियो । तर पारिश्रमिक लगायत अन्य विषयमा कुरा नमिल्दा सहकार्य हुन सकेन्, स्रोतको भनाइ छ ।

लोकदोहोरी गायनमा निकै रूचाइएकी विष्णु माझीले पछिल्लो समय बाहिरी गीत गाएकी छैनिन् । दसैंको छेकोमा सार्वजनिक परदेशी मेरो परदेशी उनको पछिल्लो गीत हो ।

उनी नेपालकी सर्वाधिक महंगी गायिकामा पर्छिन् । दुई वर्ष अघिसम्म उनलाई २ लाख पारिश्रमिक दिएर थुप्रैले गीत रेकर्ड गराएका छन् ।

# गायक अर्जुन गुरुङको स्वरमा "पिरतीको डोरी" सार्वजनिक

**काठमाडौं–** गायक अर्जुन गुरुङ र गायिका लक्ष्मी परियारको स्वरमा 'पिरतीको डोरी' सार्बजनिक भएको छ ।

आफनी प्रेमीकालाई गायकले आफनो निस्वार्थ प्रेममा कुनै शंका नगर्नको लागी आग्रह गरेका छन । भावनात्मकरुपमा प्रेमको सम्वन्ध कालान्तर सम्म जिवित हुने कुरामा गायकले गायिकालाई विश्वास्त पार्न खोजिएको छ ।

अर्जुन गुरुङको शब्द तथा लय सिर्जनामा रहेको गीतमा प्रेमील भावहरु भेटन सकिन्छ । उत्तम हुमागाईंको छायाँकन , राजेन्द्र पुरी र अर्जुन थापाको सम्पादन रहेको गीतमा शिशिर




बुढाथोकीको निर्देशनमा भिडियो तयार गरिएको छ । गीतमा दिपेन्द्र गिरी ,आभा थापाको अभिनय रहेको छ ।

# "रंगी"को "उडिदेउ" गीतमा छोरीका लागि सलोनले गरेको संघर्ष

गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रंगी'ले व्यापारमा सुधारका लागि हलमा संघर्ष गरिरहेको छ । दर्शकीय प्रतिक्रिया राम्रो भए पनि व्यापार बढ्न सकेको छैन । यसैबीच, सोमबार फिल्मको नयाँ गीत 'उडिदेउ' सार्वजनिक गरिएको छ । गीतमा अन्जान रानाभाटको पार्श्व गायन तथा संगीत छ भने सौगात सापकोटाको शब्द रचना, सम्रिक बादेको एरेन्ज, मिक्सिङ तथा मास्टरिङ छ ।

गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरु सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल र सुमिन गुरुङ प्रस्तुत छन् । गीतमा सलोनले छोरी आयुषीका लागि गरेको संघर्षलाई देखाइएको छ । गीतका दृश्यले केही हदसम्म फिल्मको कथा पनि प्रष्ट पार्छ ।

सुरेश न्यौपानेको निर्देशनमा तयार भएको फिल्ममा दीलिप रायमाझी, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको पनि अभिनय छ । बाबु-छोरीको भावनात्मक सम्बन्धको कथामा बनेको फिल्मको निर्माताहरुमा सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतम छन् । सुमन गजमेरको लेखन रहेको फिल्ममा सौरभ लामाको छायांकन छ ।



# चार महिनामा सकियो 'बलिदान' को छायांकन



**काठमाडौं–** घोषणादेखि नै चर्चामा रहेको फिल्म "बलिदान" को छायांकन सकिएको छ । समीर भट्ट अभिनीत फिल्मको छायांकन चार महिनामा पूरा भएको हो ।

निर्देशक सन्तोष सेनले कठिन परिस्थितिसँग जुध्दै उत्कृष्ट फिल्म निर्माणको लक्ष्य पूरा गर्ने क्रमको छायांकन चरण पार गरेको जानकारी दिएका छन् । शुक्रबार मोरङको हसिना सिमसार स्थित बुढासुब्बा मैदानमा अभिनेता समीर र अभिनेत्री ऋचा शर्माको अन्तिम दृश्य खिच्दै छायांकन पूरा गरिएको हो ।

छायांकन सकिएपछि निर्देशक सेनले भने, कथाको सिर्जना होस् वा कलाकार, प्राविधिक, र प्रविधिको छनोट, हामीले सोचेभन्दा राम्रो गर्न सफल भयौं । शारीरिक, मानसिक र भावनात्मक रूपमा धेरै संघर्ष गर्‍यौं, तर फिल्मलाई उत्कृष्ट बनाउन कुनै कसर बाँकी राखेनौं ।

निर्माण टोलीको मेहनतबारे पनि खुलेर प्रशंसा गरे । यो फिल्म देशका लागि केही गर्ने जोस र हुटहुटीले बनेको सेनको भनाइ छ । अब फिल्मको सम्पादन कार्य छिट्टै सुरू हुने र पोस्ट प्रोडक्सनका क्रममा पनि कुनै सम्झौता नगर्ने निर्देशक सेनले बताए ।

फिल्मको प्रदर्शन मितिबारे भने अब छिट्टै टिजर रिलिज हुनेछ, जसमा रिलिज मिति घोषणा गरिनेछ ।

यस फिल्ममा "१२ गाउँ" बाट व्यापक चर्चा पाएका अभिनेता समीर भट्टको प्रमुख भूमिका र साथमा सौगात मल्ल, अर्पण थापा, दिव्य देव, ऋचा शर्मा लगायतका कलाकार हरूको अभिनय छ ।

फिल्ममा दक्षिण भारतका चर्चित एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा करिब ३० जनाको टोलीले अत्याधुनिक प्रविधिको प्रयोग गर्दै एक्सन दृश्य खिचिएको जनाइएको छ ।

फिल्मको क्लाइमेक्स दृश्यहरू छायांकनका लागि बुढासुब्बा मैदानमा ४२ फिट अग्लो कालीमाताको भव्य मूर्ति निर्माण गरिएको थियो ।

आसुसेन फिल्म्स प्रा.ली. को प्रस्तुति रहेको बलिदानमा पवन ब्राडफोर्ड बिस्ट निर्माता र प्रेम पुरी सह-निर्माता छन् ।

# प्रदिप भट्टराईको नयाा गीत 'उमेर ढल्केको' सार्वजनिक




**काठमाडौं–** नेपाली संगीत उद्योगका लोकप्रिय संगीतकर्मी प्रदिप भट्टराईले आफ्नो नयाँ गीत "उमेर ढल्केको"को म्युजिक भिडियो सार्वजनिक गरेका छन् ।

नेपाली संगीत क्षेत्रमा २५ वर्षभन्दा बढी योगदान दिइ सकेका उनको परिचय गायक, संगीतकार, गीतकार तथा संगीतकर्मीका रुपमा समेत स्थापित रहेको छ ।

तथापी, उनी आफैं भने आफूलाई पूर्वेली गायक तथा संगीतकर्मी भन्न रुचाउँछन् । उनले आफ्नो सांगीतिक यात्राको सुरुवात २५ बर्ष अघि मेलान्ज ब्याण्ड मार्फत गरेका थिए ।

संगीतकर्मी भट्टराईले नेपाली संगीतमा आफ्नै मौलिक शब्द, संगीत र शैलीले छुट्टै पहिचान बनाएका छन् । भट्टराईले यसअघि पनि आफ्नै शब्द र संगीतमा दुई एल्बम सार्वजनिक गरिसकेका छन् । उनका सिर्जनाहरू नेपाली लोकशैलीदेखि आधुनिक संगीतसम्म विविध स्वाद समेट्ने खालका छन् ।

भट्टराईले नेपाली सांगीतिक यात्रामा विभिन्न कालजयी गीतहरू सिर्जना गर्दै आम संगीतप्रेमीको मन जित्न सफल भएका छन् । उनका गीतहरू प्रेम, जीवन र सामाजिक चेतनासँग जोडिएका विषयवस्तुहरुमा केन्द्रित हुने गर्छन् । थुप्रै प्रतिष्ठित गायकहरूले उनका सिर्जनालाई स्वर दिइसकेका छन् । यसले नेपाली संगीत उद्योगमा उनलाई बहुआयामिक स्रष्टाका रूपमा स्थापित गराएको छ ।

सार्वजनिक नयाँ गीतमा नेपाल आइडल सिजन २ का विजेता रवि ओडले स्वर दिएका छन् । रवि ओडले आफ्नो सुमधुर स्वर र फरक पहिचानले नेपाली संगीतमा छोटो समयमा नै अपार सफलता हासिल गरेका छन् ।

उनी लोकगीतदेखि आधुनिक पपसम्म सबै विधाका गीतहरूमा जमेका छन् । "उमेर ढल्केको" मा उनले आफ्नो भावनात्मक प्रस्तुति मार्फत गीतलाई अझ बढी सजीव तुल्याएका छन् । गीतको भिडियोमा रबीको आवाज संगै उनको अभिनय, कलाकार जय किशन बस्नेत र बिना राउत तथा संगीतकार भट्टराई स्वयम् लगायत कलाकारको रमाइलो अभिनय रहेको छ ।

काठमाडौंको एक होटलमा आयोजित विशेष समारोहमा प्रमुख मिडिया हाउसका प्रतिनिधिहरूको उपस्थितिमा गीत सार्वजनिक गरिएको थियो । कार्यक्रममा बोल्दै भट्टराईले आफ्नो नयाँ सिर्जनाबारे उत्साह व्यक्त गर्दै यस गीतले समयसँगै परिवर्तन हुने जीवनका भोगाइहरू चित्रण गरेको बताए ।


गीतको भिडियो नेपाल आइडलका सिजन २ का विजेता रवि ओडको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

# संगीत सागरको निर्देशनमा 'टलक्क टलक्क' गीत सार्वजनिक

**काठमाडौं–** संगीत सागरको निर्देशनमा "टलक्क टलक्क" गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ ।

यस गीतमा प्रयास विश्वकर्माको शब्द रचना र उनको आफ्नै सङगीत रहेको छ । बाबुल गिरीको ऐरेन्ज रहेको यस गीतमा प्रयास विश्वकर्मा र साहिमा श्रेष्ठको आवाजमा रहेको गीत रबि ओड, गीता ढुङ्गाना, प्रयास विश्वकर्मा, केपिना गोतामे लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

गीत टलक्क टलक्क गरिमा फिल्मस युट्युव च्यानलबाट सार्वजनिक भएको छ । सैयौ भिडियोहरु निर्देशन गरिसकेका निर्देशक संगित सागरले यस पटक भने गायक रबि ओड र गाएक प्रयास बिस्वकर्मालाइ नचाएका



छन यस भिडियोमा रबि ओड गीता ढुङ्गाना प्रयास बिस्वकर्मा र केपिना गोतामेको जोडजाड अभिनय देख्न सकिन्छ ।

# जितेन्द्र बाबुको 'तिमी जिउँदै मर्नेछौ पक्कै' सार्वजनिक

**काठमाडौं–** गुल्मीको मालिका गाउँपालिका वडा नम्बर ७, घमिरमा जन्मेका गायक जितेन्द्र बाबुको नयाँ गीत "तिमी जिउँदै मर्नेछौ पक्कै हालै मानवी डिजिटल नेपाल युट्युब च्यानलमार्फत सार्वजनिक भएको छ ।


उक्त गीतले नेपाली संगीत प्रेमीहरूको ध्यान आकर्षित गर्न सफल भएको छ ।गीतको शब्द बासुदेव पोखरेलको रहेको छ भने संगीत एसएस गणेशले तयार गरेका छन् । गीतमा कुशल बेलबासे र पूर्णकला बिसीले आफ्ना मिठासपूर्ण




आवाजको जादू प्रस्तुत गरेका छन् । यो गीतको संगीत संयोजन र शब्दले श्रोताहरुलाई एक नयाँ संगीतको अनुभव दिएको छ, जसले सन्देश र भावना दुबैलाई राम्रोसँग प्रस्तुत गरेको छ ।

गीतको छायांकन बिरेन्द्र परियारले गरेका छन्, जबकि यसको निर्देशन विशाल बैरागीले गरेका छन् । यसका साथै, गीतको म्यूजिक भिडियोमा गायक जितेन्द्र बाबु, रिना गुरुङ, चाँदनी सिंह र बासुदेव पोखरेलको अभिनय पनि देख्न सकिन्छ । यी कलाकारहरूको अभिनयले गीतको भावनात्मक गहिराइलाई अझ बलियो बनाएको छ, र भिडियोलाई आकर्षक र प्रभावशाली बनाएको छ ।

# फिल्म 'मायावी' को ट्रेलर सार्वजनिक



**काठमाडौं–** दिवाकर भट्टराईको निर्देशनमा बनेको फिल्म "मायावी" को ट्रेलर सार्वजनिक भएको छ ।

बिहीबार ओएसआर डिजिटल युट्युब च्यानलमार्फत फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरमा अभिनेत्री दीपिका प्रसाईं र पल शाहबीचको प्रेम सम्बन्ध देखाइएको छ ।

फिल्ममा पल र दीपिकासँगै प्रशान्त ताम्राकार, सुशील सिटौला, करिश्मा श्रेष्ठ, समिम खान, लक्ष्मी गिरी, अंशु महर्जन, रवि डंगोल, राजाराम पौडेल, रमा प्रसाईंलगायत कलाकारको अभिनय छ । फिल्मको कथा लेखन निर्देशक भट्टराई स्वयंको हो ।

क्रिएटिभ सिने आर्टस् प्रालिको प्रस्तुतिमा निर्माण भएको फिल्मको निर्मातामा ध्रुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्त छन् । राजु थापाको डीओपी रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन छ ।

यो फिल्म महाशिवरात्रिको अवसर पारेर फागुन १४ गतेदेखि प्रदर्शन हुनेछ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २६, २०८१ साल फागुन् ६ गते मंगलबार (Feb 18, 2025)

# नाडा र नाडाका प्रादेशिक एशोसिएशनबीच बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न

**काठमाडौं–** बुटवल रुपन्देहीमा नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल, लुम्बिनी अटोमोवाइल्स एशोसिएशन अफ नेपाल र नाडाका संस्थागत (प्रादेशिक) एशोसिएशनका अध्यक्षहरुविच बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नाडाका अध्यक्ष करण चौधरीको प्रमुख आतिथ्यतामा अटोमोवाइल क्षेत्रका समसामयिक विषयहरुमा बृहत छलफल भएको थियो । सो कार्यक्रममा संस्थागत एशोसिएशनहरुबाट उपस्थित हुनु भएका पदाधिकारी तथा सदस्यले विभिन्न प्रश्नहरु गर्दै त्यसको समाधानका लागि समेत आग्रह गर्नु भएको थियो ।

यसै क्रममा पदाधिकारी तथा सदस्यहरुले कर तिर्ने व्यवसायीहरुले सरकारीतहबाट यथोचित सम्मान पाउन नसकेको, सीमापारीबाट सामानहरुसंगै अटोमोवाइल प्राविधिज्ञहरु समेत आउने गरेको र यसले साना व्यवसायीहरुलाई नकारात्मक प्रभाव पार्ने गरेको, बैंङ्कहरुले ऋण दिने भने पनि व्यवसायीहरुले ऋण लिन सक्ने अवस्था नरहेको, प्रदेश यातायात व्यवस्था कार्यालयहरुमा पनि लाइसेन्स वितरणको समस्या यथावत नै रहेको, देशको राजश्व र रोगगारीको क्षेत्रमा अटोमोवाइल क्षेत्रको ठूलो लगानी भए पनि सो अनुरुप सरकारको दृष्टिकोण सकारात्मक नभएको, बजार अनुगमनको नाममा अझै जरीवाना तिनु पर्ने अवस्था विद्यमान नै रहेको, आर्थिक मन्दीको कारण व्यवसायीहरुलाई आफनो व्यवसायमा टिकीरहन कठीन हुदै गएको, नाडाको दोहोरो सदस्यताले समस्या उत्पन्न हुने गरेको, मूल्याङ्कनका सम्बन्धमा भन्सार कार्यालयहरुमा हुने गरेको समस्या, गरेको, ब्राण्ड खुलाएर आयात गर्न पाउने व्यवस्था हुनु पर्ने, खुल्ला वोर्डरले पारेको समस्या, व्यवसायीहरुको पुरानो स्टकको समस्या, नक्कली अटोमोवाइल पार्टसहरुको आयातले व्यवसायीहरुले भोग्नु परेको समस्या लगायतका विभिन्न विषयहरुमा प्रश्नहरु राख्नु भएको थियो ।

सो कार्यक्रममा नाडाका अध्यक्ष करण चौधरीले त्यहाँ उठेका विभिन्न प्रश्नहरुको जवाफ दिनु भएको थियो । सो प्रश्नहरुको जवाफ दिने क्रममा अध्यक्ष चौधरीले सरकारले नाडाको आवाज सुन्न ठालेको भन्नु हुदै सरकारले हालै अध्यादेश मार्फत ल्याइएको ऐनबाट धेरै हदसम्म हाम्रा मागँहरु सम्बाधन भएको जानकारी दिनु भयो ।

सोहि क्रममा अध्यक्ष चौधरीले विभिन्न प्रश्नहरुको जवाफ दिने क्रममा सन्दर्भ मूल्यसूचि समय सापेक्ष बनाउन सरकारलाई निरन्तर रुपमा आग्रह गर्दै आएको र नाडाका विभिन्न मागहरुलाई लिएर प्रधानमन्त्री कार्यालय लगायत सम्बद्ध मन्त्रालय र विभागहरुमा भेटघाट र छलफल समेत गरिएको बताउनु भयो ।

यसै क्रममा अध्यक्ष चौधरीले बङ्गलादेश भुटान भारत र नेपालविच हुन लागेको विविआइएन सहमती सम्बन्धी बैठकमा स्वंयम सहभागी भएको र त्यस सहमतीले नेपालको अटोमोवाइल क्षेत्रलाई पार्ने नकारात्मक प्रभावहरुका विषयमा नाडाकोतर्फबाट धारणा राखिएको बताउनु हुदै हालै भारतको नयाँ दिल्लीमा भारत मोविलिटीको सन्दर्भमा नाडा, एक्मा र एयसडिसी विच भएको सहमती बारे समेत जानकारी दिनु भएको थियो ।

सो अन्तरक्रिया कार्यक्रममा लुम्बिनी अटोमोवाइल्स एशोसिएशन अफ नेपालका अध्यक्ष गणेश भट्टराईले स्वागत गर्नु भएको थियो भने कायक्रमको सञ्चालन नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले गर्नु भएको थियो । त्यसैगरी सो कार्यक्रमको धन्यवाद ज्ञापन नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले गर्नु भएको थियो ।

भर्चुअल विधिमा समेत आयोजना गरिएको सो कार्यक्रममा नाडाकातर्फबाट संस्थागत उपाध्यक्ष तेजनारायण साह, संस्थागत सदस्य कृष्णप्रसाद श्रेष्ठ तथा भद्र भण्डारी, केन्द्रीय कार्य समिति सदस्यद्धय नवराज भुषाल, प्रकाश कपुरी, सुनिल रिजाल, निलमणी पाठक मेघराज पौडेल, नारायणप्रसाद पौडेल समेतको उपस्थिति रहेको थियो ।

त्यसैगरी हेटौडा अटोमोवाइल्स एशोसिएशनकातर्फबाट अध्यक्ष ऋषि ढकाल, पश्चिमाञ्चल अटोमोवाइल डिलर्स एशोसिएशनका अध्यक्ष दिपेन्द्र कोईराला समेतको उपस्थिति रहेको थियो । त्यसैगरी लुम्बिनी अटोमोवाइल्स एशोसिएशन अफ नेपालकातर्फबाट बरिष्ठ उपाध्यक्ष रोशन पाण्डे, उपाध्यक्ष कृष्ण प्रसाद भण्डारी, उपाध्यक्ष नरेन्द्र ओली, महासचिव राम बेलवासे, सचिव विवेक श्रेष्ठ, कोषाध्यक्ष नारायण पौडेल, सहकोषाध्यक्ष चन्द्रदिप जोशी, सहसचिव तिलकराम पाण्डे सदस्यद्धय दिपक ओली, प्रवेश भट्टराई, रमेश श्रेष्ठ, थिरेन्द्र श्रेष्ठ, दिपक पौडेल, केशव पाण्डे, बालकृष्ण पाण्डे, ओमहरी आचार्य, कमल न्यौपाने, दिनेश अमात्य र साधारण सदस्य प्रकाश भट्टराई र जगदिश भट्ट समेतको उपस्थिति रहेको थियो ।

त्यस्तै सो कार्यक्रममा हेटौडा अटोमोवाइल्स एशोसिएशनका बरिष्ठ उपाध्यक्ष धर्म धिमाल, महासचिव दिपेन्द्रकुमार उप्रेती र सदस्य विकाश नेपालको उपस्थिति रहेको थियो ।

# बीवाइडीको हाईटेक विक फागुन १४ देखि काठमाडौंमा




**काठमाडौं–** यही फागुन १४ गतेदेखि काठमाडौंमा बीवाइडी हाईटेक विक गरिने भएको छ छ । बीवाइडी गाडीको नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इंकले फागुन १८ गतेसम्म कार्यक्रम गर्ने भएको हो ।

एभरेष्ट होटलमा हुने कार्यक्रमका लागि बीवाइडीका प्रतिनिधि यसअघि नै आइसकेका छन् । चीनबाट आएका बीवाइडीका प्रतिनिधिले दुई हप्तादेखि तयारी गरिरहेका छन् ।

कार्यक्रममा बीवाइडीले टेक्नोलोजी पनि डिस्प्ले गर्ने जनाएको छ । बीवाइडीले इनोभेसनमा कसरी काम गरिरहेको छ भन्ने देखाउन टेक्नोलोजी पनि डिस्प्ले गर्न लागिएको हो ।

कार्यक्रममा ई-प्लेटफर्म ३.० पनि शोकेस गरिनेछ । यो बीवाइडीको सबैभन्दा लेटेस्ट प्लेटफर्म हो । यो प्लेटफर्ममार्फत गाडीलाई सुरक्षा, इन्टिलेजेन्ट, एस्थेटिक र इफिसियन्सीमा अझ बलियो बनाइएको छ ।

कम्पनीले कार्यक्रममा बीवाइडीसहित डेन्जा, याङवाङ र फाङचेन्ङबाओ गरी ४ वटा ब्रान्ड शोकेस गर्नेछ । याङवाङ ब्रान्डको यू-८ प्लग-इन-हाइब्रिड एसयूभी पनि देखाइने भएको छ । यो गाडी गत वर्ष एकजना चिनियाँ अर्बपतिले नेपाल ल्याउँदा अटो बजार तरंगित भएको थियो ।

डेन्जा डी ९ र बीवाइडीको शार्क पिकअप पनि हाईटेक विकमा देख्न पाइनेछ । डेन्जा डी ९ ब्याट्री इलेक्ट्रिक र प्लग-इन-हाइब्रिड मिनी भ्यान गाडी हो । यो गाडी पनि बीवाइडीको ई-प्लेटफर्म ३.० मा निर्माण गरिएको हो । यसको प्लग-इन-हाइब्रिड भर्सन भने डीएम- ई प्लेटफर्ममा निर्माण गरिएको कम्पनीले जनाएको छ ।

यस्तै बीवाइडी शार्क प्लग-इन-हाइब्रिड मिड साइज पिकअप ट्रक हो । यसलाई युटिलिटी भेहिकलका रुपमा लिइएको छ । बडी-अप-फ्रेम च्यासिसमा निर्माण गरिएको यसमा डुअल मोड अफ-रोड हाइब्रिड ड्राइभ ट्रेन छ ।

यसैगरी, डेन्जा जेड ९ जीटी पनि देख्न पाइनेछ । जीटी गाडी एउटा हाइ पर्फर्मेन्स लक्जरी इलेक्ट्रिक कार हो । बीवाइडीको एउटा हिस्सा यो गाडीले युरोपमा पोर्से र बीएमडब्लुलाई चुनौती दिने भनिएको छ ।

ब्लेड ब्याट्री पेनिट्रेसन, ब्लेड ब्याट्रीको टेक्नोलोजी लगायत धेरै कुरा हाईटेक विकमा देख्न पाइनेछ ।

# केटीएम ३९० एडभेन्चर र रोयल इन्फिल्ड हिमालयन ४५०



**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ट्याक्सी वे विस्तारको काम बल्ल आधा सकिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले ट्याक्सी वे विस्तारका लागि कात्तिक अन्तिम सातादेखि विमानस्थल रातिको समय बन्द गर्दै आएकामा बल्ल ५० प्रतिशत काम सकिएको हो ।

क्यानका हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाका निर्देशक दीपेन्द्र श्रेष्ठले ट्याक्सी वे विस्तारको बाँकी काम चैत १८ गतेसम्म सक्ने बताए ।

'सब बेस कोर्स, ड्रेनेज, ट्याक्सी वे कलभर्ट निर्माण, एयरफिल्ड ग्राउण्ड लाइटको डक्ट जडान लगायत ५० प्रतिशत काम सकिएको छ । अब असफाल्ट ट्रिटेड, अस्फाल्ट कन्क्रिट सर्फेसको काम बाँकी छ,' उनले भने, 'धावनमार्गको मध्य भागबाट ७५ मिटर वरपर हुँदै आएको ट्याक्सी वे विस्तारको काम चैत १८ गतेसम्म सक्छौं ।'

अहिले विमानस्थलमा दक्षिण-पश्चिमतर्फ प्यारलल ट्याक्सी वे तथा पूर्वतिर ह्याङ्गर र उत्तर-दक्षिणतर्फ इन्टरनेस्नल एप्रोन र ट्याक्सी वेको काम भइरहेको छ ।

७ वटा ट्याक्सी-वेलाई धावन मार्गसँग जोड्न लागिएको छ । ट्याक्सी वे विस्तार सवा सात अर्ब लागतको योजना हो ।

क्यानले ट्याक्सी वे विस्तारपछि पनि अरु कामका लागि विमानस्थल बन्द गर्नुपर्ने बताएको छ । क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले चैत १९ गतेबाट विमानस्थल रातिको समयमा दैनिक ६ घण्टा बन्द हुने र यसको जानकारी वायुसेवा प्रदायक कम्पनीलाई गराइसकेको बताए ।

'विमानस्थल परिसरभित्र ट्याक्सी वे विस्तारबाहेक पनि केही काम बाँकी नै छन् । ह्याङ्गर एरिया बनाउनुपर्नेछ,' उनले भने, 'हामी उडान प्रभावित नहोस् भन्नका लागि अहिलेजस्तै राति काम गर्नेछौं ।'

उनका अनुसार चैत १९ गतेबाट विमानस्थल राति १२ बजेदेखि बिहान ६ बजेसम्म बन्द रहने जानकारी गराइएको छ । ट्याक्सी वे विस्तारका लागि अहिले राति ११ बजेदेखि बिहान ७ बजेसम्म विमानस्थल बन्द गर्ने गरिएको छ ।

# ट्रायम्फको स्क्र्याम्ब्लर बाइक अब पर्ल ह्वाइट कलरमा पनि उपलब्ध, कति पर्छ मूल्य ?



**काठमाडौं–** ट्रायम्फको स्क्र्याम्ब्लर बाइक नयाँ कलरमा नेपाल भित्रिएको छ । कम्पनीले पर्ल ह्वाइट कलरको ट्रायम्फ स्क्र्याम्ब्लर केही दिन अगाडि शोरुममा ल्याएको हो ।

ट्रायम्फ हालसालै मात्र नेपाली बजारमा इन्ट्री गरेको ब्राण्ड हो । कम्पनीले अहिले नेपालमा दुई वटा भेरियन्टका बाइकहरू बिक्री गर्दै आइरहेको छ ।

ट्रायम्फको स्पिड ४०० र स्क्र्याम्ब्लर ४०० एक्स नेपालमा उपलब्ध छ । यो ब्रान्ड नेपाली बजारमा गत भदौमा भएको नाडा अटो शोबाट इन्ट्री गरेको थियो ।

यो नयाँ कलर भएको बाइकमा पावरट्रेन र फिचरहरू भने केही परिवर्तन गरिएका छैनन् । कलर मात्रै पर्ल ह्वाइटमा आएको हो । कम्पनीले यस अगाडि ब्लाक र ग्रिन कलरमा उक्त बाइक नेपालमा ल्याएको थियो ।

नयाँ पर्ल ह्वाइट स्क्र्याम्ब्लर ४०० एक्सको मूल्य ६ लाख ९९ हजार ९०० रुपैयाँ तोकिएको छ ।

# एस.के. इनर्जीको शेयर निष्काशन प्रबन्धक नियुक्ति




**काठमाडौं–** एस.के. इनर्जी डेभलपमेन्ट लिमिटेडले प्रति शेयर अंकित मुल्य रु.१००/-दरका २०,८०,००० कित्ताले हुन आउने रकम रु.२०,८०,००,०००/- (अक्षरुपी वीस करोड असी लाख मात्र) बराबरको साधारण शेयर सर्वसाधारणमा जारी गर्नका लागि सानिमा क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्रि प्रबन्धकको रुपमा नियुक्त गरेको छ ।

उक्त क्रममा एस.के. इनर्जी डेभलपमेन्ट लिमिटेडका तर्फबाट अध्यक्ष वीर बहादुर राई र सानिमा क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत भिष्म राज चालिसेले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

एस.के. इनर्जी डेभलपमेन्ट लिमिटेडले भोजपुर जिल्लाको षडानन्द नगरपालिका भएर बग्ने श्याम खोलाको पानीको बहाव सदुपयोग गरी ७.२ मे.वा. क्षमताको श्याम खोला जलविद्युत आयोजना निर्माण गरिरहेको छ ।

# सिमेन्ट बिक्री अत्यधिक घट्दा अम्बे सिमेन्टको व्यापार साढे १५ करोड रुपैयाँमा सीमित

काठमाडौं- सिमेन्ट बिक्री अत्यधिक घट्दा तीन वर्षअघि १ अर्ब ३६ करोडको व्यापार गरेको अम्बे सिमेन्टले गत वर्ष जम्मा १५ करोड ६० लाख रुपैयाँको कारोबार गरेको छ ।

निर्माण उद्योगमा छाएको मन्दीका कारण सन् २०२३/२४ को तुलनामा २०२४/२५ मा उद्योगको कारोबार ७२ प्रतिशतले घटेको छ । सन् २०२३/२४ मा उद्योगले ५७ करोड ७० लाख रुपैयाँको व्यापार गरेको थियो ।

शोभाकर न्यौपाने अध्यक्ष तथा प्रबन्ध निर्देशक रहेको अम्बेको प्लान्ट पर्सामा छ । अम्बेले दैनिक १ हजार टन क्षमताको ग्राइन्डिङ युनिट छ । अम्बेले दुई/दुईवटा ब्राण्डका ओपीसी र पीपीसी सिमेन्ट उत्पादन गर्छ । ६ ब्राण्डका पीएससी सिमेन्ट उद्योगले बिक्री गर्दै आएको छ । पूर्वी नेपालमा राम्रो बजार रहेको अम्बेले चारवटा प्रदेश र ३८ जिल्लामा सिमेन्ट बिक्री केन्द्रित गरेको छ ।

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार